# नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकका गभर्नरद्वारा देहायको राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मार्गदर्शनको नाम "नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४" रहेको छ ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।*

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३) सम्झनु पर्छ ।

(ख) "राष्ट्र ऋण ऐन" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संशोधन २०६७ सहित) सम्झनु पर्छ ।

(घ) "विनियमावली" भन्नाले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ सम्झनु पर्छ ।

(ङ) "कर्मचारी सेवा विनियमावली" भन्नाले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (दोस्रो संशोधन २०७२ सहित) सम्झनु पर्छ ।

(च) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(छ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(ज) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(झ) "सञ्चालक समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(ञ) "खुला बजार सञ्चालन समिति" भन्नाले राष्ट्र ऋण निष्काशन सम्बन्धी कार्य गर्नको लागि नियमावलीको नियम १७ को उपनियम (१) बमोजिम गठन भएको खुला बजार सञ्चालन समिति सम्झनु पर्छ ।

(ट) "खुला बजार कारोबार सञ्चालन समिति" भन्नाले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम ३ को उपविनियम (१) बमोजिम गठन भएको खुला बजार कारोबार सञ्चालन समिति सम्झनु पर्छ ।

(ठ) "विभाग" भन्नाले बैंकको राष्ट्र ऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

---

* राष्ट्रऋण व्यवस्थापन मार्गदर्शन २०७४, श्रीमान् गभर्नरज्यूबाट मिति २०७४/.../... गते स्वीकृत भई लागु भएको हो ।

(ङ) "प्रमुख" भन्नाले विभागको प्रमुखको रुपमा कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ढ) "बैकिङ कार्यालय" भन्नाले बैंकको बैकिङ कार्यालय, काठमाडौं सम्झनु पर्छ ।

(ण) "कर्मचारी" भन्नाले बैंक सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(त) "राष्ट्र ऋण" भन्नाले सरकारी वित्तको समुचित व्यवस्थापन गर्नका लागि प्रचलित कानूनको अधीनमा रही एकै पटक वा पटक पटक गरी एक वा बढी प्रकारका ऋणपत्र निष्काशन गरी नेपाल सरकारको लागि उठाइएको राष्ट्र ऋण सम्झनु पर्छ ।

(थ) "ऋणपत्र" भन्नाले नेपाल सरकारले राष्ट्र ऋण ऐन बमोजिम निष्काशन गर्ने देहायका ऋणपत्रका साथै विगतमा निष्काशित बियरर बण्ड, प्राइज बण्ड र विशेष ऋणपत्र पनि सम्झनु पर्छ र सो शब्दले ब्याज भुक्तानी पुर्जालाई समेत जनाउँछः-

(१) ट्रेजरी बिल

(२) विकास ऋणपत्र

(३) राष्ट्रिय बचतपत्र

(४) नागरिक बचतपत्र

(५) वैदेशिक रोजगार बचतपत्र

(६) बैंकले नेपाल सरकारको स्वीकृति लिई वा निर्देशन बमोजिम निष्काशन गर्ने अन्य कुनै ऋणपत्र ।

(द) "स्टक" भन्नाले बैंकको खातामा दर्ता रहने र दर्ता गराई नामसारी गर्नुपर्ने ऋणपत्र सम्झनु पर्छ ।

(ध) "प्रमिशरी नोट" भन्नाले घरायसी दरपीठ गरी नामसारी गर्न सकिने ऋणपत्र सम्झनु पर्छ र सो शब्दले ट्रेजरी बिल समेतलाई जनाउँछ ।

(न) "बियरर बण्ड" भन्नाले ऋणपत्रको प्रमाणपत्र लिई आउनेलाई भुक्तानी दिनु पर्ने ऋणपत्र सम्झनु पर्छ ।

(प) "प्राइज बण्ड" भन्नाले धनीले ब्याजको रकममध्ये सबै वा केही चिठ्ठाद्वारा तोकिए बमोजिम पाउने ऋणपत्र सम्झनु पर्छ ।

(फ) "धनी" भन्नाले ऋणपत्र खरिद गरी वा अन्य कुनै प्रकारले ऋणपत्रमा हक प्राप्त गर्ने स्वदेशी वा गैर आवासीय नेपाली नागरिक सम्झनु पर्छ ।

(ब) "ऋणपत्रको मुख्य भाग" भन्नाले ऋणपत्रको नाम, ऋणपत्रको क्रमसंख्या, पोर्टफोलियो नम्बर, ऋणपत्रको अंकित मूल्य, ऋणपत्रको ब्याज दर (प्रतिशत), ब्याज रकम, धनीको दस्तखत, ऋणपत्र प्रमाणित गर्ने अधिकारीको दस्तखत तथा छाप, ऋणपत्र धनीको नाम लेखिएको वा नामसारी भएको विवरण उल्लेख भएको ऋणपत्र वा त्यसको कुनै अंश सम्झनु पर्छ ।

(भ) "विकृत ऋणपत्र" भन्नाले ऋणपत्रको मुख्य भाग वा अन्य भागहरु च्यातिई वा अन्य तरिकाबाट नष्ट भएको वा नोक्सान भएको वा छपाई अशुद्धि भएको वा साँवा ब्याज भुक्तानी तथा साँवा ब्याज अवधि फरक परेका आदि ऋणपत्र सम्झनु पर्छ ।

(म) “हराएको ऋणपत्र” भन्नाले ऋणपत्र धनीको कब्जामा नरहेको ऋणपत्र सम्झनु पर्छ ।

(य) “अस्पष्ट ऋणपत्र” भन्नाले ऋणपत्रको मुख्य भाग कुनै कारणबाट नबुझिने भएको ऋणपत्र सम्झनु पर्छ ।

(र) “दरपीठ” भन्नाले ऋणपत्रको अगाडि वा पछाडि वा त्यससाथ संलग्न कुनै लिखत वा कागजमा सो उपकरण बिनिमेय गर्ने उद्देश्यले सहीछाप गर्ने कामलाई सम्झनु पर्छ ।

(ल) “चेक” भन्नाले माग गर्नासाथ भुक्तानी दिनु भनी कुनै बैंक उपर खिचिएको बिनिमेय पत्र सम्झनु पर्छ ।

(व) “काउण्टरपार्टी” भन्नाले बैंकले मौद्रिक नीति सम्बन्धी प्रतिवेदन मार्फत काउण्टरपार्टी भनी तोकिदिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(श) “बजार निर्माता” भन्नाले तोकिएका ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार गर्न विभागबाट इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(ष) “बिक्री एजेण्ट” भन्नाले वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार गर्नको लागि विभागबाट इजाजतपत्रप्राप्त संस्थालाई सम्झनु पर्छ ।

(स) “अख्तियार प्राप्त अधिकारी” भन्नाले विभागीय अख्तियार प्रत्यायोजन भए बमोजिम कार्य सम्पादन गर्न अधिकार पाएका विभागका कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुख समेतलाई जनाउँछ ।

(ह) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले बैंकको सम्बन्धित कार्यालयले ऐन तथा सो अन्तर्गत जारी गरिएका नियम, विनियम, आदेश, निर्देश, सूचना तथा परिपत्रमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(क्ष) “नियमानुसार” भन्नाले राष्ट्र ऋण सम्बन्धी प्रचलित कानून र सो अन्तर्गत जारी गरिएका नियम, विनियम, आदेश, निर्देश, सूचना तथा परिपत्रमा उल्लिखित व्यवस्था बमोजिम गरिने कार्य सम्झनु पर्छ ।

३. बाधा अड्काउ फुकाउने: यस मार्गदर्शन बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ परेमा गभर्नरले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४. ब्याख्या गर्ने अधिकार: यस मार्गदर्शनको ब्याख्या गर्ने अधिकार गभर्नरमा रहनेछ ।

## परिच्छेद-२

## राष्ट्र ऋण कारोबारसँग सम्बन्धित ऐन नियममा रहेको व्यवस्था

५. ऐनमा रहेको व्यवस्था: राष्ट्र ऋण कारोबारको सम्बन्धमा ऐनमा भएको व्यवस्था र बैंकले सम्पादन गर्दै आएको जिम्मेवारी देहाय बमोजिम रहेको छ:-

(क) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम “अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सो को व्यवस्थापन गर्ने” तथा सोही उपदफाको खण्ड (ख) बमोजिम “बैंकिङ तथा वित्तीय क्षेत्रको आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने” बैंकको उद्देश्य रहेको छ । त्यस्तै बैंकको काम कर्तव्य र अधिकारका

सम्बन्धमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) मा "मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने गराउने" व्यवस्था रहेको छ ।

(ख) मौद्रिक नीति निर्माण र सो को प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारीलाई अझ विस्तृत रुपमा खुलस्त पार्न ऐनको दफा ४५ मा खुला बजार सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । खुला बजारको कारोबार सञ्चालन गर्ने क्रममा नेपाल सरकारको तर्फबाट वा बैंक आफैले जारी गरेका ऋणपत्रको निष्काशन, बिक्री वितरण एवम् खरिद जस्ता कार्य विभागले गर्नेछ ।

(ग) ऐनको दफा ६९ को उपदफा (३) मा "प्रत्येक वर्ष नेपाल सरकारले वार्षिक बजेट तयार गर्दा राष्ट्र ऋण लगायत अधिविकर्षको सम्बन्धमा बैंकसँग परामर्श लिनेछ" भनी उल्लेख भए बमोजिम समग्र आर्थिक र मौद्रिक परिसूचकहरुको अध्ययन गरी सरकारी वित्तीय नीतिसँग अन्तर-सम्बन्ध कायम गरेर सरकारद्वारा परिलक्षित आर्थिक उद्देश्य हासिल गर्न समेत सहयोग पुग्ने गरी राष्ट्र ऋण उठाउन सिफारिश गर्ने कार्य बैंकले गर्नेछ ।

६. राष्ट्र ऋण ऐनमा रहेको व्यवस्था: राष्ट्र ऋण ऐनको दफा ५ को उपदफा (१) बमोजिम "राष्ट्र ऋण व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य नेपाल सरकारको तर्फबाट बैंकले गर्ने" भनी उल्लेख गरिए अनुरुप नेपाल सरकारको तर्फबाट निष्काशन गरिने ऋणपत्रको प्रकार, साँवा तथा ब्याज भुक्तानीको तरिका, नामसारी, परिवर्तन, खण्डीकरण, एकीकरण र नवीकरणका साथै विभागले देहायका विषयसँग सम्बन्धित कार्यहरु समेत सम्पादन गर्नेछः-

(क) राष्ट्र ऋण व्यवस्थापन सम्झौता,

(ख) ऋणपत्रको नामसारी,

(ग) ऋणपत्र धनीको इच्छापत्र सम्बन्धी व्यवस्था,

(घ) सरकारी कार्यालय वा संगठित संस्थाले खरिद गरेको ऋणपत्रको लेखाङ्कन,

(ङ) ऋणपत्र धनीको मनोनयन,

(च) ऋणपत्रधनी नावालक वा बहुलाएको भएमा संरक्षक हुने व्यवस्था, र

(छ) अन्य विषयहरु ।

७. नियमावलीको व्यवस्था: ऋण उठाउँदाको क्रममा घोषित शर्त र सुविधा अनुसार ऋणपत्रधनीलाई सेवा प्रदान गर्न र यस विषयसँग सम्बन्धित अन्य कुराहरु समेत नियमसम्मत ढंगले सम्पादन गर्ने अभिप्रायले राष्ट्र ऋण ऐनको दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको नियमावलीले मार्गदर्शन गरेका देहायका विषयमा तोकेबमोजिम राष्ट्र ऋण उठाउन विभिन्न ऋणपत्र जारी गर्ने, ती ऋणपत्रहरुको साँवा तथा ब्याजको भुक्तानी दिने तथा यस विषयसँग सम्बन्धित देहाय अनुसारका कार्य गरी सम्पूर्ण अभिलेख राख्ने कार्य विभागले गर्नेछः-

(क) ऋणपत्र र ब्याज भुक्तानी पुर्जाको ढाँचा,

(ख) ऋणपत्र निष्काशन गर्ने कार्यविधि,

(ग) ऋणपत्र खरीद गर्न पाउने सीमा,

(घ) ऋणपत्रको नामसारी गर्ने तरिका,

(ङ) ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी दिइने तरिका,

(च) ऋणपत्रको प्रतिलिपि,

(छ) ऋणपत्रको नवीकरण,

(ज) ऋणपत्र परिवर्तन, खण्डीकरण, एकीकरण र प्रमाणीकरण,

(झ) लेखपढ गर्न नजान्ने व्यक्ति ऋणपत्रको धनी हुँदा ऋणपत्रको खाता सञ्चालन गर्ने,

(ञ) धनीले ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी लिन नआएमा छुट्टै खातामा रकम जम्मा गर्ने,

(ट) नावालकको तर्फबाट संरक्षकले ऋणपत्र खरिद गर्न सक्ने,

(ठ) बहुलाएको व्यक्तिको ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी,

(ड) इच्छापत्र बनाउने सम्बन्धी व्यवस्था,

(ढ) बोलपत्र आह्वान गर्ने कार्यविधि र

(ण) ऋणपत्रको दोस्रो बजार कारोबार ।

८. राष्ट्र ऋण उठाउने ऐनः प्रत्येक आर्थिक वर्षको निमित्त नेपाल सरकारले उठाउन सक्ने कुल राष्ट्र ऋणको सीमा यस ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## विभागको परिचय, संगठनात्मक स्वरुप र कार्यहरु

९. विभागको संक्षिप्त परिचयः (१) नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन गर्ने कार्य राष्ट्र ऋण ऐन, २०१७ लागू भएपश्चात् बैंकले विक्रम संवत २०१८ सालदेखि नै सम्पादन गर्दै आएको छ । विक्रम संवत २०२३ सालमा सो कार्य गर्नका लागि बैंकमा राष्ट्र ऋण व्यवस्थापन विभागको स्थापना भएको हो । हाल राष्ट्र ऋण ऐन, २०५९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको लागि आवश्यक पर्ने राष्ट्र ऋण (आन्तरिक ऋण) उठाउने तथा सोको व्यवस्थापन गर्ने कार्य विभागले गर्दै आइरहेको छ । यसका साथै विभागले खुला बजार कारोबारका विभिन्न उपकरणहरु प्रयोग गरी बैंकिङ प्रणालीको तरलता व्यवस्थापनको कार्य लगायत अल्पकालीन तरलता समस्या समाधानका लागि स्थायी तरलता सुविधा प्रदान गर्ने कार्य समेत गर्दै आएको छ ।

(२) देशको आधारभूत संरचना तथा भौतिक पूर्वाधारहरुको आधार-स्तम्भ निर्माण गर्न सरकारलाई आवश्यक पर्ने पूँजीको आपूर्ति देशभित्रबाट संकलित राजश्व रकम, बाह्य ऋण तथा अनुदान र राष्ट्र ऋणबाट गर्ने गरिन्छ । राष्ट्र ऋण उठाउने कार्यको शुरुवात आर्थिक वर्ष २०१८/१९ देखि भएको हो । हालसम्म ट्रेजरी बिल लगायत प्राइज बण्ड, बियरर बण्ड, क्षतिपूर्ति बण्ड, विकास ऋणपत्र, विशेष ऋणपत्र, राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र जारी भएका छन् । विक्रम सम्वत् २०४५ साल पूर्व निष्काशन भएका सबै ऋणपत्रहरु निश्चित ब्याजदरले तोकिएको मितिमा साँवा ब्याज भुक्तानी दिने गरी अंकित मूल्यमा निष्काशन भएको देखिन्छ ।

(३) बैंकले संचालन गर्दै आएको ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबारलाई सर्वसुलभ बनाउन आर्थिक वर्ष २०५१/५२ देखि तोकिएको मापदण्ड पूरा गरेका वाणिज्य बैंक तथा वित्तीय

संस्थाहरुलाई बजार निर्माताको इजाजतपत्र दिई ऋणपत्रको प्राथमिक र दोस्रो बजारको कारोबार गर्ने अनुमति प्रदान गरिएको थियो । यसैगरी वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार गर्नको निमित्त तोकिएको मापदण्ड पूरा गरेका इच्छुक संस्थालाई बिक्री एजेण्टको इजाजतपत्र प्रदान गरिने व्यवस्था रहेको छ । तर, ट्रेजरी बिल र विशेष ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबारको लागि संस्थागत व्यवस्था भएको छैन ।

(४) मौद्रिक अधिकारीको रुपमा रहेको बैंकद्वारा जारी गरिने मौद्रिक नीति कार्यान्वयन गर्ने कार्य अन्तर्गत विभिन्न मौद्रिक उपकरणहरु प्रयोग गरी बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्ने कार्य समेत विभागबाट हुने गरेको छ । हाल बैंकले रिपो, रिभर्स रिपो, सोझै बिक्री, सोझै खरीद, निक्षेप संकलन तथा नेपाल राष्ट्र बैंक ऋणपत्र मार्फत तरलता व्यवस्थापनको कार्य गर्दै आएको छ । साथै स्थायी तरलता सुविधा मार्फत् अल्पकालीन तरलता समस्या समाधान गर्ने कार्य समेत विभागले गर्दै आएको छ ।

१०. समितिको व्यवस्थाः विभागमा राष्ट्र ऋण व्यवस्थापन र तरलता व्यवस्थापनको लागि डेपुटी गभर्नर (विभाग हेर्ने) ले अध्यक्षता गर्ने निम्न अनुसारका दुई छुट्टाछुट्टै समितिहरु रहेका छन्:-

(क) खुला बजार सञ्चालन समितिः राष्ट्र ऋण व्यवस्थापन कार्यको लागि गठित यस समितिले ऋणपत्रहरुको बोलकबोल, निष्काशन तथा व्यवस्थापन सम्बन्धी निर्णय गर्ने गर्दछ । ती निर्णयहरु ऐन, नियम, विनियम का साथै सोसँग सम्बन्धित विभिन्न स्वीकृत कार्यविधि अनुरुप हुने गर्दछन् । यस समितिमा डेपुटी गभर्नरका साथै नेपाल सरकार अर्थ मन्त्रालयको प्रतिनिधि ( राजपत्रांकित प्रथम श्रेणी), बैंकको राष्ट्र ऋण व्यवस्थापन विभाग, अनुसन्धान विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा बैंकिङ कार्यालयका विभागीय प्रमुखहरु सदस्य र विभागको निर्देशक (ट्रेजरी हेर्ने) सदस्य-सचिव रहने व्यवस्था रहेको छ । यस समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

(ख) खुला बजार कारोबार सञ्चालन समितिः यस समितिले विनियमावलीका साथै सम्बन्धित कार्यविधि तथा अन्य आर्थिक परिसूचकहरुको आधारमा तरलता व्यवस्थापन गर्न प्रयोग हुने उपकरणहरुको बोलकबोल, निष्काशन तथा व्यवस्थापन सम्बन्धी निर्णय गर्ने गर्दछ । यस समितिमा डेपुटी गभर्नरका साथै नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी), बैंकको राष्ट्र ऋण व्यवस्थापन विभाग र अनुसन्धान विभागका विभागीय प्रमुखहरु सदस्य र विभागको निर्देशक (मौद्रिक हेर्ने) सदस्य-सचिव रहने व्यवस्था रहेको छ । यस समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

११. विभागको संगठनात्मक स्वरुप र आन्तरिक कार्य संचालनः ऋणपत्र एवम् तरलता व्यवस्थापन कार्यलाई सक्षम एवं प्रभावकारी रुपले संचालन गर्न विभागमा ट्रेजरी, नीति योजना तथा आन्तरिक प्रशासन फाँट, निष्काशन तथा व्यवस्थापन फाँट, लेखा तथा शोधभर्ना फाँट र मौद्रिक व्यवस्थापन फाँटको व्यवस्था गरिएको छ । फाँटहरुको कार्य संचालन विधि परिच्छेद-४ देखि परिच्छेद-७ मा उल्लेख भएबमोजिम हुनेछ । विभागको संगठनात्मक स्वरुप अनुसूची-१ मा उल्लेख गरिएको छ । सो संगठनात्मक स्वरुपमा आवश्यकता अनुसार प्रमुखबाट समय-समयमा परिवर्तन गर्न सकिनेछ ।

१२. विभागबाट सम्पादन हुने कार्यहरुः ऋणपत्रको निष्काशन तथा व्यवस्थापन सम्बन्धी कार्य सम्पादन र बैंकको तरलता व्यवस्थापन सम्बन्धी कार्य गर्दा विभागले सरकारको बैंकर, आर्थिक विषयको सल्लाहकार र वित्तीय एजेण्टको रुपमा देहाय बमोजिमका कार्यहरु गर्ने गरेको छः-

(क) राष्ट्र ऋण व्यवस्थापनको लागि सल्लाह दिने: ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) अनुसार सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेण्टको रुपमा कार्य गर्नुका साथसाथै दफा ६९ को उपदफा (३) अनुसार प्रत्येक वर्ष सरकारले वार्षिक बजेट तयार गर्ने क्रममा राष्ट्र ऋण लगायत अधिविकर्षको सम्बन्धमा बैंकसँग परामर्श लिने व्यवस्था भए अनुरुप विभागले राष्ट्र ऋणको कुल दायित्व, भुक्तानी गर्नुपर्ने रकम, आवश्यक पर्ने रकम, अल्पकालीन तथा दीर्घकालीन ऋणपत्र निष्काशन प्रक्रिया तथा ब्याजदर सम्बन्धी राय सल्लाह र सिफारिश गर्ने कार्य गर्दै आएको छ ।

(ख) वित्तीय एजेण्टको रुपमा कार्य गर्ने: ऐनको दफा ७२ मा व्यवस्था गरिएअनुसार नेपाल सरकारको तर्फबाट बैंकद्वारा जारी गरिएका ऋणपत्रको खरिद बिक्री, बजार व्यवस्थापन, नामसारी, साँवा, ब्याज तथा कमिशन भुक्तानी र यस सम्बन्धी सम्पूर्ण अभिलेख राख्ने कार्य विभागले गर्दै आएको छ । सरकारको वित्तीय एजेण्ट भई राष्ट्र ऋण सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य गरे वापत नेपाल सरकार र बैंकबीच भएको सम्झौता बमोजिम बैंकले पाउनु पर्ने र बजार निर्माता तथा बिक्री एजेण्टलाई प्रदान गर्नुपर्ने कमिशन रकम महालेखा नियन्त्रक कार्यालयसँग माग गर्ने कार्य समेत विभागले गर्दै आएको छ ।

(ग) ऋणपत्र व्यवस्थापन सम्बन्धी कार्यहरु: ऋणपत्रको व्यवस्थापन अन्तर्गत विभागले देहायबमोजिमका कार्यहरु सम्पादन गर्ने गर्दछ:-

(१) ऋणपत्रहरुको निष्काशन गर्ने, बोलकबोल गराउने, रकम प्राप्त गर्ने ,

(२) प्राप्त रकम नेपाल सरकारको आन्तरिक ऋण खातामा जम्मा गर्ने,

(३) भुक्तानी मितिभन्दा अगावै साँवा तथा ब्याज रकम नेपाल सरकारसँग माग गरी भुक्तानी मितिमा ऋणपत्र धनीहरुलाई भुक्तानी गर्ने व्यवस्था मिलाउने,

(४) बैंक तथा वित्तीय संस्थाहरुबाट भुक्तानी भएको ऋणपत्रको साँवा तथा ब्याज रकम शोधभर्ना प्रदान गर्ने,

(५) निष्काशन तथा भुक्तानी भएका ऋणपत्रहरुको अभिलेख राख्ने,

(६) ऋणपत्रको प्रमाणपत्र तयार गरी वितरण गर्ने, आवश्यकता अनुसार नामसारी, एकीकरण, खण्डीकरण तथा प्रमाणीकरण गर्ने,

(७) ऋणपत्रहरुको दोस्रो बजार कारोबारको व्यवस्थापन तथा कारोबार राफसाफ गर्ने ।

(घ) तरलता/मौद्रिक व्यवस्थापन: मौद्रिक नीति कार्यान्वयनको लागि गरिने मौद्रिक व्यवस्थापनको कार्य अन्तर्गत मुख्य रुपमा बैंकिङ क्षेत्रको तरलतालाई अधिक वा न्यून हुन नदिन आवश्यक उपकरण प्रयोग गर्ने गरिन्छ । बैंकको अनुसन्धान विभागले तयार गर्ने "तरलता अनुगमन तथा प्रक्षेपण संरचना (Liquidity Monitoring and Forecasting Framework-LMFF) र अन्य परिसूचकहरुले इङ्गित गरे अनुसार बैंकिङ प्रणालीमा अधिक तरलता भए प्रशोचन गर्ने र न्यून तरलता भए प्रवाह गर्ने कार्य खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार विनियमावली बमोजिम विभागबाट हुँदै आएको छ । तरलता व्यवस्थापनमा प्रयोग गरिने उपकरणहरुमध्ये तरलता प्रशोचनको लागि रिभर्स रिपो, सोझै बिक्री, निक्षेप संकलन तथा नेपाल राष्ट्र बैंक ऋणपत्र र तरलता प्रवाहको निम्ति रिपो तथा सोझै खरिद उपकरणको प्रयोग गर्ने गरिएको छ ।

१३. ऋणपत्र तथा मौद्रिक उपकरणहरुको संक्षिप्त जानकारी: (१) ऐनको दफा ७२ अनुसार नेपाल सरकारको राष्ट्र ऋण उठाउने प्रयोजनका लागि बैंकले निष्काशन गर्ने गरेका विभिन्न ऋणपत्रको संक्षिप्त जानकारी देहाय बमोजिम छः:-

(क) ट्रेजरी बिल: मुद्रा बजारको प्रमुख उपकरणको रुपमा रहेको ट्रेजरी बिल एक वर्ष वा सो भन्दा कम अवधिको राष्ट्र ऋण उठाउन प्रयोग गरिने अल्पकालीन सरकारी ऋणपत्र हो । प्रमिशरी नोटका रुपमा सर्वप्रथम विक्रम सम्वत् २०१८ सालमा वार्षिक एक प्रतिशत ब्याजदरमा रु.७० लाख अंकित मूल्यमा ९० दिने ट्रेजरी बिल निष्काशन गरिएको थियो । विक्रम सम्वत् २०४५ साल मंसिर १० गतेदेखि बोलकवोल प्रक्रियाबाट निष्काशन हुँदै आएको यो ऋणपत्र विक्रम सम्वत् २०४८ पुस महिनादेखि साप्ताहिक रुपमा निष्काशन गरिँदै आएको छ । विक्रम सम्वत् २०७२ असार देखि ट्रेजरी बिलको बोलकबोल Online Bidding System को माध्यमबाट गरिँदै आएको छ । ट्रेजरी बिलको निष्काशनमा बट्टाकट्टा रकम कटाएर बाँकी रकम मात्र नेपाल सरकारको खातामा जम्मा गरिन्छ भने भुक्तानी अवधि पुगेपछि अंकित मूल्यमा पूरै रकम भुक्तानी गरिन्छ । यसरी आर्जित ब्याज (बट्टा) मा आयकर सम्बन्धी प्रचलित कानून अनुसार आयकर लाग्ने व्यवस्था रहेको छ । भुक्तानी मिति अगावै ट्रेजरी बिल रिपो, सोझै खरिद, वैधानिक तरलता अनुपात, स्थायी तरलता सुविधा तथा अन्तरबैंक कारोबारमा प्रयोग गर्न सकिन्छ । व्यक्तिको हकमा ट्रेजरी बिल धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सकिन्छ ।

(ख) विकास ऋणपत्र: सरकारलाई देशको आर्थिक विकासको लागि आवश्यक मध्यम तथा दीर्घकालीन अवधिको स्रोत जुटाउने उद्देश्यले यस्तो ऋणपत्र दुई वा दुई वर्षभन्दा बढी अवधिको लागि निष्काशन गरिन्छ । सर्वप्रथम विक्रम सम्वत् २०२० सालमा वार्षिक ६ प्रतिशत ब्याजदरमा रु.१ करोड ३१ लाख बराबरको विकास ऋणपत्र जारी गरिएको थियो । वि.सं. २०६१ जेठदेखि यो ऋणपत्र कुपन दर तोकी बोलकबोलको माध्यमबाट निष्काशन गर्न थालिएकोमा विक्रम सम्वत् २०७२ साल कात्तिकदेखि यो ऋणपत्रको ब्याजदर बजारले नै निर्धारण गर्ने गरी बोलकबोलमा एकल ब्याजदर विधि प्रयोग गर्ने व्यवस्था शुरु गरियो । विकास ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (NEPSE) मार्फत हुने व्यवस्था रहेको छ ।

(ग) विशेष ऋणपत्र: सरकारले विशेष उद्देश्य परिपूर्ति गर्नका लागि सर्वप्रथम विक्रम सम्वत् २०२३ सालमा जग्गा क्षतिपूर्ति र बन क्षतिपूर्ति बण्डको रुपमा यो ऋणपत्र निष्काशन गरिएको थियो । यस्तो ऋणपत्र स्टकको रुपमा संस्थाहरु बीचमा मात्र खरिद बिक्री गर्न सक्ने गरी १ वर्ष वा बढी अवधिका लागि निश्चित ब्याजदर र अंकित मूल्यमा निष्काशन गरिएको थियो ।

(घ) राष्ट्रिय बचतपत्र: पूँजी बजारको उपकरणको रुपमा रहेको यो ऋणपत्र तीन वर्ष वा सोभन्दा बढी अवधिको लागि विक्रम सम्वत् २०४० सालदेखि निष्काशन गरिंदै आएको छ । तोकिएको अवधिभित्र Over the Counter (OTC) प्रक्रियाबाट निष्काशन गरिने राष्ट्रिय बचतपत्र सर्वसाधारण नेपाली नागरिकका अलावा खुला बजार सञ्चालन समितिले तोके बमोजिमका संस्थाले खरिद गर्न सक्ने व्यवस्था छ । यस्तो ऋणपत्र अंकित मूल्य र निर्धारित कुपनदरमा स्टक वा प्रमिशरी नोटको रुपमा निष्काशन गरिन्छ ।

(ङ) नागरिक बचतपत्र: गैर-बैंकिङ क्षेत्रबाट आन्तरिक बचतको अधिकतम परिचालन गर्न मौद्रिक उपकरणको संख्यामा कमी रहेको महसूस गरी आर्थिक वर्ष २०५८/५९ देखि

यो ऋणपत्र निष्काशन गरिएको हो । यो बचतपत्र ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि निष्काशन हुन्छ । तोकिएको अवधिभित्र Over the Counter (OTC) प्रक्रियाबाट निष्काशन गरिने नागरिक बचतपत्र सर्वसाधारण नेपाली नागरिकले मात्र खरिद गर्न सक्ने व्यवस्था छ । यस्तो ऋणपत्र अंकित मूल्य र निर्धारित ब्याजदरमा स्टक वा प्रमिशरी नोटको रुपमा निष्काशन गरिन्छ ।

(च) वैदेशिक रोजगार बचतपत्र: मुलुक बाहिर रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपालीले विदेशमा आर्जन गरेको रकम लगानी गर्न प्रोत्साहित गर्ने, वैधानिक माध्यमबाट विदेशी मुद्रा भित्र्याउने र देश विकासको निमित्त वित्तीय साधन जुटाउनको निमित्त जारी हुने मध्यमकालीन अवधिको बचतपत्र वैदेशिक रोजगार बचतपत्र हो । यो बचतपत्र विक्रम सम्वत् २०६७ साल असारदेखि निष्काशन गर्न शुरु गरिएको हो । तोकिएको अवधिभित्र Over the Counter (OTC) प्रक्रियाबाट निष्काशन गरिने वैदेशिक रोजगार बचतपत्रको अवधि र यसमा पाउने ब्याजदर नेपाल सरकारले तोकिदिए बमोजिम हुने गर्दछ ।

(छ) प्राइज बण्ड: सर्वसाधारणमा रहेको ससाना बचतलाई परिचालन गर्ने उद्देश्यले यस्तो ऋणपत्र सर्वप्रथम आर्थिक वर्ष २०२३/२४ मा भुक्तानी अवधि समाप्त भएपछि बण्ड लिई आउनेलाई साँवा भुक्तानी दिने गरी अंकित मूल्यमा रु. नौ लाख बराबरको निष्काशन गरिएको थियो ।

(ज) बियरर बण्ड: निश्चित भुक्तानी अवधि तथा ब्याजदर तोकी निष्काशन गरिएको यस्तो ऋणपत्र भुक्तानी म्याद समाप्त भएपछि ऋणपत्र लिई आउने व्यक्तिलाई भुक्तानी गर्ने गरी निष्काशन गरिएको थियो ।

(२) बैंकिङ क्षेत्रमा रहेको तरलतालाई वाञ्छित सीमाभित्र राख्न बैंकद्वारा जारी गरिने विभिन्न मौद्रिक उपकरणहरुको संक्षिप्त जानकारी देहाय बमोजिम छ:-

(क) रिपो: बैंकिङ प्रणालीमा साधारण प्रकृतिको न्यून तरलताको स्थिति देखिएमा समितिको निर्णयानुसार तोकिए बमोजिमका ऋणपत्रको धितोमा अल्पकालीन अवधिको तरलता प्रवाह गर्न प्रयोग हुने उपकरण रिपो हो । यस उपकरणको निष्काशनका दिन बोलकबोलमा सफल बोलकर्ताको (बैंकबाट स्वीकृति प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरु) बैंकमा रहेको खातामा बाँडफाँट अनुसारको रकम जम्मा गरिने भएकोले तोकिएको समयावधिको लागि तरलता प्रवाह हुन जान्छ ।

(ख) रिभर्स रिपो: बैंकिङ प्रणालीमा साधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार अल्पकालीन अवधिको तरलता प्रशोचन गर्न प्रयोग हुने उपकरण रिभर्स रिपो हो । यस उपकरणको निष्काशनका दिन बोलकबोलमा सफल बोलकर्ताको बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको रकम झिकिने भएकोले तोकिएको समयावधिको लागि तरलता प्रशोचन हुन जान्छ ।

(ग) सोझै बिक्री: बैंकिङ प्रणालीमा संरचनात्मक प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा खुला बजार सञ्चालन समितिको निर्णयानुसार अल्पकालीनभन्दा केही लामो अवधिको तरलता प्रशोचन गर्न प्रयोग हुने उपकरण सोझै बिक्री हो । बैंकको स्वमित्वमा रहेको ट्रेजरी बिलको बाँकी भुक्तानी अवधिको लागि विनियमावली बमोजिम यो उपकरण निष्काशन गरिन्छ ।

(घ) सोझै खरिदः बैंकिङ प्रणालीमा संरचनात्मक प्रकृतिको न्यून तरलताको स्थिति देखिएमा समितिको निर्णयानुसार दीर्घकालीन अवधिको तरलता प्रवाह गर्न प्रयोग हुने उपकरण सोझै खरिद हो । यो उपकरणको निष्काशनमा बैंकले ट्रेजरी बिल तथा अन्य तोकिए बमोजिममा ऋणपत्र इच्छुक बैंक तथा वित्तीय संस्थाहरुबाट खरिद गर्दछ । यो उपकरणको बोलकबोल मूल्यमा गर्नुपर्ने भएतापनि बोल गरिएको मूल्यको आधारमा वार्षिक प्रतिफल दर (Yield Rate) निर्धारण गरी बिक्रीको लागि प्राप्त ऋणपत्र खरिद गर्ने गरिन्छ ।

(ङ) निक्षेप संकलनः बैंकिङ प्रणालीमा असाधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिन आएमा समितिको निर्णयानुसार बैंकिङ प्रणालीबाट तरलता प्रशोचन गर्न प्रयोग हुने उपकरण निक्षेप संकलन हो । यो उपकरण अधिकतम ९० दिनको लागि निष्काशन गरिन्छ ।

(च) नेपाल राष्ट्र बैंक ऋणपत्रः बैंकिङ प्रणालीमा संरचनात्मक प्रकृतिको अधिक तरलताको स्थिति देखिन आएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार बैंकको सञ्चालक समितिको स्वीकृतिमा तरलता प्रशोचन गर्न प्रयोग हुने उपकरण नेपाल राष्ट्र बैंक ऋणपत्र हो । यो उपकरण अधिकतम छ महिना वा एक वर्ष अवधिको लागि निष्काशन गरिन्छ । बोलबोल प्रक्रियाबाट निष्काशन गरिने यस ऋणपत्रको निष्काशनमा एकल ब्याजदर विधिको प्रयोग गरिन्छ ।

(छ) स्थायी तरलता सुविधाः बैंकिङ प्रणालीमा तत्काल आई पर्ने अल्पकालीन तरलता समस्यालाई सम्बोधन गर्नका निमित्त विभागले बैंकको मौद्रिक नीतिमार्फत् तोकिए बमोजिमका संस्थाहरुलाई विनियमावलीको विनियम १७ बमोजिम तोकिए बमोजिमका ऋणपत्रको धितोमा स्थायी तरलता सुविधा (Standing Liquidity Facility-SLF) प्रदान गर्दैआएको छ । तोकिएको अवधिका लागि प्रदान गरिने यस्तो सुविधा उपयोग गर्न इच्छुक संस्थाले बैंकले तोकेको ब्याज तिनुपर्दछ ।

## परिच्छेद-४

## ट्रेजरी, नीति योजना तथा आन्तरिक प्रशासन फाँट

१४. ट्रेजरी, नीति योजना तथा आन्तरिक प्रशासन सम्बन्धी कार्यः नेपाल सरकारको राष्ट्र ऋण उठाउने प्रयोजनार्थ ट्रेजरी बिलको निष्काशन तथा कारोबार राफसाफ गर्ने, निष्कासित ट्रेजरी बिलको भुक्तानी म्याद समाप्त भएपछि साँवा भुक्तानी वा नवीकरण गर्ने सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयसँग पत्राचार गर्ने, खुला बजार सञ्चालन समितिको सचिवालयको कार्य गर्ने तथा ऋणपत्र सम्बन्धी तथ्याङ्क अद्यावधिक राखी मासिक रुपमा प्रकाशन गर्ने कार्यका साथै विभागका कर्मचारी सम्बन्धी सम्पूर्ण अभिलेख राख्ने, आवश्यक प्रशासनिक सेवा उपलब्ध गराउने एवम् फाँटको सम्पूर्ण कार्य अद्यावधिक गर्ने जिम्मेवारी र उत्तरदायित्व यस फाँटको रहने छ । यसको लागि ऐन, राष्ट्र ऋण ऐन, नियमावली,कर्मचारी नियमावली, मार्गदर्शन र प्रचलित अन्य परिपत्र तथा निर्देशनको अधीनमा रही फाँटले देहाय बमोजिमका कार्यहरु सम्पादन गर्नुपर्नेछः-

(क) ट्रेजरीसँग सम्बन्धित कार्यः

(१) खुला बजार सञ्चालन समितिको निर्णय अनुसार प्रत्येक हप्ताको मंगलबार वा सो दिन विदा परेमा कार्यालय खुलेको दिन ट्रेजरी बिल नयाँ वा नवीकरण निष्काशन

गर्नु पर्नेछ । सो कार्यका लागि सामान्य अवस्थामा प्रत्येक हप्ताको सोमवार बोलकबोल गराउनु पर्नेछ ।

(२) प्रत्येक हप्ता निष्काशन गरिने ट्रेजरी बिलको अवधि, निष्काशन गरिने मिति, सिरिज नम्बर र रकम बारे खुला बजार सञ्चालन समितिबाट स्वीकृत गराई बोलकबोल मिति अगावै सो सम्बन्धी सूचना बैंकको वेबसाइट मार्फत् र बोलकबोल मितिका दिन Online Bidding System मार्फत् प्रकाशन गर्नुपर्नेछ ।

(३) बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार सञ्चालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) निष्काशन मितिका दिन सफल बोलवालाको बैंकमा रहेको अपरेटिभ वा नन अपरेटिभ खाता खर्च गरी सिष्टमबाटै हिसाब मिलान गर्नुपर्नेछ । साथै बोलकबोलमा सफल व्यक्ति वा संस्थाको नाममा ट्रेजरी बिलको Advice बनाई वितरण गर्नुपर्नेछ । नवीकरण निष्काशन भएका ट्रेजरी बिलको हकमा सोही दिन पुरानो सिरिजको Redemption गरी सम्बन्धित धनीको खातामा रकम जम्मा गर्नुपर्नेछ । ट्रेजरी बिलको परिणामको बारेमा गर्भनर, डेपुटी गभर्नर, अनुसन्धान विभागको मौद्रिक शाखा तथा बैंकका प्रवक्तालाई जानकारी गराउनु पर्नेछ ।

(५) ट्रेजरी बिल भुक्तानीको लागि आवश्यक बट्टाकट्टा तथा साँवा रकम नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयसँग माग गर्नुपर्नेछ । सो वापतको चेक प्राप्त भएपछि भुक्तानी मितिका दिन अख्तियार प्राप्त अधिकारीले दरपीठ गरी सम्बन्धित हिसाबमा जम्मा गर्नका लागि बैंकिङ कार्यालयमा पठाउनु पर्नेछ ।

(६) म्याद समाप्त भएका ट्रेजरी बिलको भुक्तानी गर्नुपर्ने साँवा तथा बट्टाकट्टा रकम र निष्काशनमा रहेका ट्रेजरी बिलको भुक्तानी गर्नुपर्ने बट्टाकट्टा रकम नेपाल सरकारबाट उपयुक्त समयभित्र प्राप्त नभएमा यस्तो रकम यथाशीघ्र प्राप्त गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई ताकेतापत्र पठाउनु फाँट प्रमुखको जिम्मेवारी हुनेछ ।

(७) नेपाल सरकारबाट भुक्तानी गर्ने भनी लेखी आएको अवस्थामा बाहेक अन्य अवस्थामा नेपाल राष्ट्र बैंक दोस्रो बजारको स्वामित्वमा रहेका ट्रेजरी बिलहरु नवीकरण निष्काशन गर्ने स्वीकृतिको लागि समितिको सिफारिसमा गभर्नर समक्ष टिप्पणी पेश गर्नुपर्नेछ । स्वीकृति पश्चात् भुक्तानी मितिमा यस्ता ट्रेजरी बिलहरुको नवीकरण निष्काशन गर्नुपर्नेछ ।

(ख) नीति योजना सम्बन्धी कार्य:

(१) प्रत्येक वर्ष नेपाल सरकारबाट राष्ट्र ऋण उठाउने सम्बन्धी पत्र प्राप्त भए पश्चात् निष्काशन तथा बोलकबोल तालिका तयार गरी खुला बजार सञ्चालन समितिमा पेश गर्ने र उक्त समितिको सिफारिसमा गभर्नरको स्वीकृति लिई नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष अन्तिम स्वीकृतिका लागि पठाउनु पर्नेछ ।

(२) विभागको वार्षिक कार्ययोजना, बजेट प्रक्षेपण तथा अन्य कार्यक्रमहरु तयार गर्ने, स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने र स्वीकृत कार्यक्रमहरु यथासमयमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ ।

(३) रणनीतिक योजनामा समावेश विभागको जिम्मेवारीमा रहेका कार्यहरु कार्यान्वयन गर्नुपर्नेछ ।

(४) राष्ट्र ऋण कारोबार तथा मौद्रिक व्यवस्थापन सम्बन्धी वार्षिक तथा आवधिक प्रतिवेदन तोकिएको समयभित्र तयार गरी सम्बन्धित विभागमा पठाउनु पर्नेछ ।

(५) विभागको कार्ययोजना बमोजिमको प्रगति विवरण र जोखिम विवरण तयार गरी तोकिएको समयभित्र बैंकको सम्बन्धित विभागमा पठाउनु पर्नेछ ।

(६) राष्ट्र ऋण व्यवस्थापनका लागि निर्माण भएका ऐन, नियम, विनियम, कार्यविधि, मार्गदर्शनमा समयानुसार संशोधन आवश्यक देखिएमा संशोधन मस्यौदाका साथै सोसँग सम्बन्धित अन्य आवश्यक कार्यविधि तयार गर्ने र स्वीकृत गराई बैंकको वेवसाइटमा राख्नु पर्नेछ ।

(ग) आन्तरिक प्रशासन सम्बन्धी कार्यः

(१) दरबन्दीः विभागको लागि स्वीकृति भएको दरबन्दी तथा कार्यरत कर्मचारीको अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

(२) हाजिरी तथा विदाको अभिलेखः HRMIS Software को Login & E-Attendance Module अन्तर्गत दैनिक हाजिरी अभिलेख तथा महिना समाप्त भएपछि प्रत्येक महिनाको हाजिरी विवरण र सबै कर्मचारीहरुको व्यक्तिगत विदासम्बन्धी अभिलेख तयार गरी सुरक्षित तवरले राख्नु पर्नेछ । वैशाखदेखि चैत मसान्तसम्मको त्यस्तो अभिलेख Print गरी Binding समेत गराई सुरक्षित तवरले राख्ने व्यवस्था मिलाउनु पर्नेछ । कर्मचारीहरु काज, तालिम तथा लामो विदामा रहँदाको विवरण HRMIS System मा प्रविष्टि गरी अद्यावधिक गर्नुपर्नेछ ।

(३) व्यक्तिगत फाईल : प्रत्येक कर्मचारीको व्यक्तिगत फाईल खडा गरी निज सम्बन्धी सम्पूर्ण पत्राचार सोही फाईलबाट गर्नुपर्नेछ ।

(४) भ्रमण आदेशः विभागको कामको सिलसिलामा स्वदेश भित्र काजमा जाने कर्मचारीलाई भ्रमण आदेश जारी गर्नुपर्नेछ । यसरी जारी गरिने भ्रमण आदेशमा कर्मचारीको नाम थर, संकेत नम्बर, पद, भ्रमणमा जाने स्थान तथा उद्देश्य, भ्रमण अवधि र नियमानुसार उपलब्ध गराउनु पर्ने पेश्की रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(५) सरुवाः सरुवा भई जाने कर्मचारीलाई सरुवा भएको कार्यालयमा प्रस्थान गराउनका लागि प्रमुखको स्वीकृति लिई निजलाई तोकिएको ढाँचामा रमाना पत्र दिनुका साथै सम्बन्धित कार्यालयलाई बोधार्थ दिनु पर्नेछ । यसरी दिने रमानापत्र साथ निजको विदाको अभिलेख संलग्न गर्नुपर्नेछ ।

(६) बुझ-बुझारथः सरुवा वा सेवा निवृत्त हुने कर्मचारीले बैंकको प्रचलित कर्मचारी विनियमावलीमा तोकिएको व्यवस्था बमोजिम बुझ-बुझारथ गर्नु/गराउनु पर्नेछ ।

(७) कार्यालय सामानको आपूर्तिः विभिन्न फाँटहरुलाई आवश्यक पर्ने स्टेशनरी तथा अन्य मालसामानको माग फारम भरी प्रमुख वा तोकिएको अधिकारीको दस्तखत भएपछि खरिद गर्नुपर्नेछ । मालसामान प्राप्त भएपछि आवश्यकता अनुसार बितरण गर्नुपर्नेछ । विभागलाई आवश्यक पर्ने कागजात छपाउनु परेमा नमूना सहित सामान्य सेवा विभागमा लेखी पठाउनु पर्नेछ ।

(८) सम्पत्तिको अभिलेखः विभागमा रहेका सम्पूर्ण भौतिक सम्पत्तिलाई तोकिएबमोजिम वर्गिकरण गरी सांकेतिक नम्बरका साथ सूचीबद्ध तरिकाले अभिलेख राखी तोकेबमोजिम परीक्षण गर्नुपर्नेछ ।

(९) जोखिम व्यवस्थापनः प्रत्येक त्रयमासमा विभागको जोखिम अभिलेख रजिष्ट्र तयार गरी संस्थागत योजना विभाग पठाउने कार्यका अलावा विभागको जोखिम व्यवस्थापन सम्बन्धी कार्य फाँटले गर्नुपर्नेछ ।

(१०) दर्ता तथा चलानीः विभागमा प्राप्त हुने र विभागबाट वाहिर पठाउनु पर्ने चिठ्ठीपत्रको दर्ता तथा चलानी देहाय बमोजिम गर्नुपर्नेछः-

(अ) दर्ताः (१) विभागको नाममा प्राप्त हुन आएका सबै चिठ्ठीपत्र प्राप्त हुनासाथ बुझिलिई प्रमुख वा निर्देशकबाट तोक लागेपछि दर्ता कितावमा सिलसिलेवार नम्बर दिई दर्ता गर्नुपर्नेछ । यसरी दर्ता गरिएका चिठ्ठीपत्रहरु तत्कालै सम्बन्धित फाँटमा बुझाई सो को निस्सा लिनु पर्नेछ ।

तर, अत्यन्त जरुरी जनाई विभागमा प्राप्त हुन आएका र तुरुन्त तथा गोप्य जनाइएका पत्र खामबन्दी रुपमा नै यथाशीघ्र प्रमुख वा निर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(२) कुनै किसिमबाट पत्र बुझाउन ढिला-सुस्ती भएमा वा हराएमा सम्बन्धित कर्मचारी उपर कर्मचारी विनियमावली बमोजिम कारवाही हुनेछ ।

(आ) चलानीः (१) विभिन्न फाँटबाट बाहिर पठाउनका लागि प्राप्त हुन आएका चिठ्ठीपत्र बुझिलिई चलानी कितावमा चढाई सकभर प्राप्त भएकै दिन सम्बन्धित कार्यालयमा बुझाउन पठाउनु पर्नेछ र बुझाएको निस्सा (सहीछाप र मिति) लिई राख्नुपर्नेछ । पत्र बुझेको प्रमाणित नभएसम्म पत्रको सम्पूर्ण जिम्मेवारी चलानी गर्ने र बुझाउन लाने कर्मचारीको हुनेछ । कारणवश पत्र फिर्ता आएमा कारण उल्लेख गरी सम्बन्धित फाँटमा फिर्ता बुझाउनु पर्नेछ ।

(२) फाँटबाट प्राप्त पत्रहरु मध्ये एउटै कार्यालयमा बुझाउनु पर्ने पत्रहरुलाई एउटै खाममा बन्द गरी पठाउन सकिनेछ ।

(३) फ्याक्सद्वारा पठाइने अति जरुरी पत्र प्राप्त हुनासाथ फ्याक्स गरी सो को समर्थन पत्र सोही दिन चलानी गरी पठाउनुपर्नेछ । कारणवश सोही दिन पठाउन नसकिएमा सम्बन्धित फाँट प्रमुखलाई जानकारी दिनु पर्नेछ ।

(११) इन्टर्नशीपः विभिन्न शैक्षिक संस्थाबाट नियमानुसार इन्टर्नशीप गर्न आएका विद्यार्थीहरुको व्यवस्थापन गर्ने कार्य यस फाँटले गर्नुपर्नेछ ।

(१२) सरकारी ऋणपत्र तथा मौद्रिक उपकरण सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(घ) अन्यः यस परिच्छेदमा उल्लिखित कार्यहरुको अलावा अन्य परीआएका कार्यहरु बैंकको ऐन, नियम, विनियम, मार्गदर्शन, परिपत्र, आदेश र निर्देश अन्तर्गत रही सम्पादन गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## निष्काशन तथा व्यवस्थापन फाँट

१५. निष्काशन तथा व्यवस्थापन सम्बन्धी कार्य: नेपाल सरकारको बजेट तथा राष्ट्र ऋण उठाउने ऐनमा भएको व्यवस्था बमोजिम स्वीकृत राष्ट्र ऋण निष्काशन एवम् बोलकबोल तालिका अनुसार राष्ट्र ऋण उठाउने प्रयोजनका लागि विभागले अल्पकालीन (ट्रेजरी बिल) मध्यमकालीन तथा दीर्घकालीन प्रकृतिका ऋणपत्रहरु (विकास ऋणपत्र, राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र) निष्काशन गर्ने गर्दछ । यस फाँटले प्रमुख रुपमा मध्यमकालीन तथा दीर्घकालीन ऋणपत्रको प्राथमिक निष्काशन र ती ऋणपत्रहरुको दोस्रो बजार कारोबार अन्तर्गतका कार्यहरु सम्पादन गर्नुपर्नेछः-

(क) ऋणपत्रको प्राथमिक निष्काशन सम्बन्धी कार्यः

(१) स्वीकृत आन्तरिक ऋण निष्काशन तथा बोलकबोल तालिका अनुसार निष्काशन गर्नुपर्ने ऋणपत्रको बोलकबोल आह्वान तथा बिक्री खुला सम्बन्धी जानकारीको सूचना बैंकको वेबसाईट लगायत आवश्यकता अनुसार राष्ट्रिय स्तरका सञ्चार माध्यमबाट बोलकबोल तथा बिक्री खुला हुने दिन अगावै प्रकाशन तथा प्रसारण गर्न लगाउनु पर्नेछ । पूर्व स्वीकृति लिएर मात्र यस्तो सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्ने हुन्छ । प्रत्येक वर्ष अन्तिम स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाउने क्रममा रहेको ऋण निष्काशन तथा बोलकबोल तालिका स्वीकृतार्थ गभर्नरज्यू समक्ष पेश हुने टिप्पणीमार्फत यस्तो स्वीकृति लिनु पर्नेछ ।

(२) विकास ऋणपत्रको बोलकबोल अनलाइन प्रणालीमार्फत र कुपनदर तोकी निष्काशन हुने ऋणपत्रको बिक्री बजार निर्माता तथा बिक्री एजेण्टमार्फत गराउनु पर्नेछ । बजार निर्माताको उपस्थिति नरहेको स्थानमा वा बजार निर्माताले ऋणपत्र बिक्री गर्न नसकेको अवस्थामा बैंकका उपत्यका बाहिरका कार्यालयहरुमार्फत समेत ती ऋणपत्र बिक्री गर्न लगाउन सकिनेछ ।

(३) आवेदन फारम आवश्यक हुने ऋणपत्रहरुको आवेदन फारम बैंकको वेबसाईटमा अपलोड गर्नुपर्नेछ भने बोलकबोल प्रक्रियामार्फत निष्काशन हुने विकास ऋणपत्रको सूचना बोलकबोल हुने दिन मात्र देखिने गरी Online Bidding System मा प्रकाशन गर्नुपर्नेछ ।

(४) काठमाडौं उपत्यका बाहिरका बैंकका कार्यालय, बजार निर्माता तथा बिक्री एजेण्टले ऋणपत्र बिक्री वापत प्राप्त गरेको रकम लगायत अर्नेष्ट मनि बैंकस्थित सम्बन्धित ऋणपत्रको तोकिएको खातामा तोकिएको समयभित्र जम्मा गर्न लगाउनु पर्नेछ ।

(५) त्यसैगरी काठमाडौं उपत्यका बाहिरका बजार निर्माता तथा बिक्री एजेण्टले बिक्री गरेको ऋणपत्र वापतको रकम आवश्यक परेमा नजिकको बैंकका कार्यालयमा रहेको तोकिए बमोजिमको खातामा जम्मा गर्न लगाउनु पर्नेछ । बिक्री खुला अवधिमा प्रत्येक दिन बिक्री भएको ऋणपत्रको विवरण (खरिदकर्ताको नाम, खरिद गरेको रकम, थान आदि) विभागमा पठाउनु पर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस्तो विवरण यस बैंकको वेवसाइट अन्तर्गत Public debt मा रहेको नागरिक बचतपत्रको बिक्री प्रक्रियामा उल्लिखित अनुसूची-३ अनुसारको फारममा सोही दिन विभागमा पठाउन लगाउनु पर्नेछ । बजार निर्माता तथा बिक्री एजेण्टबाट अनुसूची-३ बमोजिमको फारम प्राप्त भएपछि सोको आधारमा उल्लिखित रकम यस फाँटले सम्बन्धित

बिक्रेताको खाताबाट खर्च गरी सम्बन्धित ऋणपत्रको लागि तोकिएको खातामा जम्मा गर्नुपर्नेछ ।

(६) बिक्री भएका ऋणपत्रको फारम तथा रकम जम्मा गरेको भौचर छिटो तथा सुरक्षित माध्यमबाट विभागमा पठाउन लगाउनु पर्नेछ ।

(७) ऋणपत्र बिक्री खुला अवधिमा प्रत्येक दिन काठमाडौं उपत्यका बाहिरका बैंकका कार्यालय, बजार निर्माता तथा बिक्री एजेण्टहरुले बिक्री गरेको एकमुष्ट रकम बैंकिङ कार्यालय स्थित तोकिएको ऋणपत्र खातामा जम्मा भएको रकमसँग भिडाई यकिन गर्नुपर्नेछ ।

(८) तोकिएको बिक्री खुला अवधि समाप्त हुनुभन्दा अगावै आह्वान गरिएको रकम भन्दा बढी माग हुन आएमा सोही समयदेखि बिक्री बन्द गर्ने वा खुला नै राख्ने सम्बन्धमा खुला बजार सञ्चालन समितिको निर्णय अन्तिम हुने हुँदा उक्त समितिबाट आवश्यक निर्णय गराई सोको जानकारी सम्बन्धित सबै कार्यालयलाई छिटो साधनद्वारा दिनु पर्नेछ ।

(९) बिक्री बन्द भएपछि आह्वान गरिएको रकमभन्दा बढी बिक्री भएमा कुन अनुपातमा बिक्री गर्ने वा कम बिक्री भएमा बैंकले खरिद गर्ने/नगर्ने र निष्काशन गरिने रकमका सम्बन्धमा खुला बजार सञ्चालन समितिको निर्णय अन्तिम हुनेछ ।

(१०) खुला बजार सञ्चालन समितिको निर्णय पश्चात् सिष्टममा निष्काशन गर्नुपर्ने ऋणपत्रको माष्टर फाइल बनाउनु पर्नेछ । माष्टर फाइलमा निष्काशन हुने ऋणपत्रको सिरिज नम्बर, निष्काशित रकम, कुपनदर, ब्याज भुक्तानी अवधि आदि विवरण उल्लेख गर्नुपर्दछ ।

(११) निष्काशित ऋणपत्र खरिदकर्ताहरुमध्ये यस विभागमा ऋणपत्र खाता (Non-Operative Account) नभएका व्यक्ति तथा संस्थाहरुको आवश्यक विवरण सहितको ऋणपत्र खाता सिष्टममा खोल्नु पर्नेछ । पहिले देखि यस्तो खाता रहेका खरिदकर्ताको नयाँ खाता खोल्नु पर्दैन ।

(१२) ऋणपत्र खरिदकर्ताहरुबाट प्राप्त रकम जम्मा भएको खाता (Bond Application Account) खर्च गरी (आवेदन फारममा उल्लिखित रकम) एक एक गरी सम्बन्धित ऋणपत्र खरिदकर्ताहरुको ऋणपत्र खातामा जम्मा गर्नुपर्नेछ ।

(१३) खरिदकर्ताहरुको ऋणपत्र खातामा रकम जम्मा भईसकेपछि खरिद गरेको रकम सिष्टमबाटै सम्बन्धित ऋणपत्र खाताको मार्गस्थ खातामा जम्मा गर्नुपर्दछ । यस्तो कारोबार गरे पश्चात् ऋणपत्र खरिदकर्ताको ऋणपत्र खातामा खरिद गरेको ऋणपत्रको नाम र रकम उल्लेख हुन जान्छ ।

(१४) विभागमा Operative Account (रकम जम्मा गर्न र जम्मा रहेको रकम चेक काटेर झिक्न मिल्ने सुविधा भएको बैंकमा खोलिएको संस्थाको खाता) भएका खरिदकर्ताहरुको छुट्टै ऋणपत्र खाता खोल्नु पर्दैन । खरिद गरेको रकम सिधै सिष्टमबाट सम्बन्धित ऋणपत्र खाताको मार्गस्थ खातामा जम्मा गर्नुपर्दछ । यस्तो कारोबार गरे पश्चात् सम्बन्धित संस्थाको Operative Account खर्च हुन गई ऋणपत्र खरिदकर्ताको ऋणपत्र खातामा खरिद गरेको ऋणपत्रको नाम र रकम उल्लेख हुन जान्छ ।

(१५) निष्काशन मितिका दिन निष्काशन हुने ऋणपत्रको मार्गस्थ (ट्रान्जिट) खातामा जम्मा हुन आएको रकम खर्च गरी बैंकिङ कार्यालय स्थित तोकिएको नेपाल सरकारको राष्ट्र ऋण वा आन्तरिक ऋण खातामा जम्मा गर्नुपर्नेछ । ऋणपत्र निष्काशन सम्बन्धी जानकारी अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(१६) ऋणपत्रको रकम नेपाल सरकारको राष्ट्र ऋण वा आन्तरिक ऋण खातामा जम्मा भएपछि सम्बन्धित ऋणपत्र खरिदकर्तालाई दिनु पर्ने खण्डित अवधिको ब्याज तथा बिक्री गर्ने संस्थालाई दिनु पर्ने बिक्री दलाली कमिशन रकमका अलावा अन्य विवरण (ऋणपत्र खरिद मिति, खण्डित अवधिको ब्याज दिनुपर्ने जम्मा दिन, बजार निर्माताको नाम, बिक्री गरेको रकम आदि) खुलाई नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयसँग एकमुष्ट माग गर्नुपर्नेछ । यस्तो कमिशन रकम विकास ऋणपत्र र ट्रेजरी बिलको हकमा प्रदान गर्नु पर्दैन ।

(१७) माग भएको खण्डित अवधिको ब्याज तथा कमिशन रकमको महालेखा नियन्त्रक कार्यालयबाट चेक प्राप्त भएपछि अख्तियार प्राप्त अधिकारीबाट चेकको पृष्ठ भागमा दरपीठ गरी बैंकमा रहेको तोकिएको खातामा जम्मा गर्न बैंकिङ कार्यालयमा पत्र सहित उक्त चेक पठाउनु पर्नेछ । उक्त ब्याज तथा कमिशन रकम बैंकिङ कार्यालयबाट तोकिएको खातामा जम्मा भएपछि यस फाँटले ऋणपत्र खरिदकर्ता र बजार निर्माता एवम् बिक्री प्रवन्धकलाई उपलब्ध गराउन सम्बन्धित संस्थाको यस बैंकमा रहेको तोकिएको खातामा रकमान्तर गर्नुपर्नेछ । बिक्री दलाली कमिशन रकम सम्बन्धित संस्थाको खातामा जम्मा गर्नु अघि नियमानुसारको दरले अग्रिम आयकर कट्टा गरी बाँकी रकम जम्मा गर्नुपर्नेछ भने खण्डित अवधिको ब्याज वापतको रकम उक्त कर कट्टा नगरी सम्बन्धित बजार निर्माता वा बिक्री प्रवन्धकको खातामा जम्मा गर्नुपर्नेछ र सम्बन्धित खरिदकर्तालाई नियमानुसारको दरमा कर कट्टा गरी भुक्तानी दिनु भनी पत्र लेख्नु पर्नेछ । बिक्री दलाली कमिशनमा कट्टा गरेको आयकर रकम राजश्व भौचर भरी बैंकमा रहेको नेपाल सरकारको तोकिएको कर खातामा जम्मा गर्नुपर्नेछ ।

(१८) निष्काशन हुने ऋणपत्र खरिद गर्नको लागि प्राप्त सम्पूर्ण आवेदन फारममा प्राप्त मितिको आधारमा क्रमसंख्या राखी व्यवस्थित रुपमा फाईल गरी राख्नु पर्नेछ । सिष्टममा रहेको उक्त ऋणपत्रको माष्टर फाइलबाट खरिदकर्ताको नामावली र रकमको विवरण प्रिण्ट निकाली सो प्रिण्ट र आवेदन फारम रुजु गरी सोको आधारमा सम्बन्धित ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा तयार गर्नु पर्नेछ । ऋणपत्रको साँवा प्रमाणपत्र तथा ब्याज भुक्तानी पुर्जाको नमूना नियमावलीको अनुसूचीमा दिईए बमोजिम हुनेछ ।

(१९) ऋणपत्रको प्रमाणपत्र तयार भएपछि वितरणको लागि बैंकको वेबसाइट तथा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ । काठमाडौं उपत्यका भित्रका बिक्रेताहरुलाई विभागबाटै प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा प्रक्रिया पुर्‍याई वितरण गर्नुपर्नेछ भने उपत्यका बाहिरका बैंकका कार्यालय, बिक्री एजेण्ट तथा बजार निर्माता मार्फत् बिक्री भएका ऋणपत्र विभागका कर्मचारीमार्फत् सम्बन्धित स्थानको बैंकका कार्यालयमा बुझाउन पठाउनु पर्नेछ । यसरी उपत्यका बाहिरका बिक्रेता समक्ष प्रमाणपत्र बुझाउन विभागबाट खटिई जाने कर्मचारीले प्रमाणपत्र

सम्बन्धित कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्नेछ र यस फाँटले उक्त प्रमाण सुरक्षित तवरले फाइल गरी राख्नु पर्नेछ ।

(२०) विकास ऋणपत्रको बोलकबोलको दिनमा Online Bidding System मार्फत् प्राप्त बोलहरुको अनुगमन गर्ने, अर्नेष्टमनि जम्मा भए नभएको वा अर्नेष्टमनिको लागि खातामा पर्याप्त मौज्दात रहेनरहेको रुजु गर्ने, तोकिएको समयपश्चात् बाँडफाँट गर्ने, उक्त बाँडफाँट विवरणको आधारमा माइन्यूट तयार गरी खुला बजार सञ्चालन समितिमा पेश गर्ने र समितिको निर्णयानुसार निष्काशन मितिमा माथि उल्लिखित प्रक्रियानुसार हिसाब मिलान गर्नुपर्नेछ । साथै Non- operative खाता हुने (खाता नहुने सफल बोलवाला भए खोल्नु पर्ने) सफल बोलवालालाई तोकिएको खातामा तोकिएको समय भित्र बाँडफाँट रकम जम्मा गर्न लगाउनु पर्नेछ ।

(२१) विकास ऋणपत्र निष्काशन गरे पश्चात् निष्कासित विकास ऋणपत्र सम्बन्धी आवश्यक सम्पूर्ण विवरण खुलाई दोस्रो बजार कारोबारका लागि लिष्टिङ (दर्ता) गराउन नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई पत्र लेख्नु पर्नेछ ।

(२२) विकास ऋणपत्र बाहेक अन्य ऋणपत्र खरिदकर्ताहरुले आवेदनसाथ तोकिए बमोजिमका कागजात पेश गरे/नगरेको समेत रुजु गरी आवेदन फारमहरु व्यवस्थित गर्नुपर्ने हुन्छ ।

(२३) निष्कासित सम्पूर्ण ऋणपत्रको निष्काशन मिति पश्चात् निष्काशन गरिएको ऋणपत्रको नाम र रकम उल्लेख गरी तुरुन्तै बैंकिङ कार्यालय (सरकारी लेखा फाँट) लगायत अर्थ मन्त्रालय (आ.नी.वि.महाशाखा) र महालेखा नियन्त्रक कार्यालय (ऋण शाखा) लाई पत्र लेखी जानकारी गराउनु पर्नेछ ।

(ख) दोस्रो बजार कारोबारः प्राथमिक बजारबाट निष्काशन भएका ऋणपत्रहरुको भुक्तानी मिति अगावै हुने खरिद बिक्री कारोबार दोसो बजार कारोबार अन्तर्गत पर्दछन् । यस अन्तर्गतका सम्पूर्ण कारोबारहरु बजार निर्माता सम्बन्धी कार्यविधिको अधीनमा रही गर्नुपर्ने हुन्छ । दोस्रो बजार कारोबार अन्तर्गत देहाय बमोजिमका कारोबार पर्दछन्ः-

(अ) विकास ऋणपत्रको दोस्रो बजार कारोबार : विकास ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) मार्फत मात्र हुने व्यवस्था रहेको छ । नेप्से मार्फत यो ऋणपत्रको दोस्रो बजार कारोबार भई सोही लिमिटेड मार्फत ऋणपत्र नामसारीको लागि अनुरोध भई आएको अवस्थामा बिक्रेताको ऋणपत्र खातामा रहेको ऋणपत्रलाई क्रेताको ऋणपत्र खातामा सिष्टमबाटै ट्रान्सफर मार्फत स्थानान्तरण गर्नुपर्नेछ र बिक्रेताको नाउँमा रहेको प्राप्त पुरानो ऋणपत्र रद्द गरी क्रेताको नाउँमा नयाँ प्रमाणपत्र बनाई उक्त लिमिटेडलाई पत्रसाथ उपलब्ध गराउनु पर्नेछ । यसरी नेप्से मार्फत नामसारीको लागि अनुरोध भई आएको नयाँ प्रमाणपत्रका लागि कुनै दस्तुर लाग्ने छैन ।

(आ) ऋणपत्र धनीले बजार निर्माता समक्ष ऋणपत्र बिक्री गर्ने : ऋणपत्र धनीले बजार निर्माता समक्ष ऋणपत्र बिक्री गरी बजार निर्माता मार्फत प्रक्रिया पुऱ्याई आवश्यक कागजात सहित नामसारीको लागि पत्र प्राप्त भएमा बिक्रेताको नाउँमा ऋणपत्र खातामा रहेको बिक्री गरेको ऋणपत्र र रकम डेबिट गरी सम्बन्धित बजार निर्माताको ऋणपत्र खातामा (बिक्रेताबाट खरिद गरेको ऋणपत्र र रकम) सिष्टमबाटै

ट्रान्सफर मार्फत क्रेडिट गर्नुपर्नेछ । यस्तो कारोबारमा बजार निर्माताको नाउँमा नयाँ प्रमाणपत्र बनाउनु पर्दैन ।

(इ) <u>ईच्छुक व्यक्तिले बजार निर्माता मार्फत ऋणपत्र खरिद गर्ने</u> : ईच्छुक व्यक्तिले बजार निर्माता मार्फत ऋणपत्र खरिद गरेको अवस्थामा बजार निर्माता मार्फत प्रक्रिया पुऱ्याई आवश्यक कागजात सहित नामसारीको लागि पत्र प्राप्त भएमा बजार निर्माताको नाउँमा रहेको उसले बिक्री गरेको ऋणपत्र तथा सो बराबरको रकम सम्बन्धित बजार निर्माताको ऋणपत्र खाताबाट खर्च गरी क्रेताको ऋणपत्र खातामा (ऋणपत्र खाता नभएमा नयाँ खोल्नु पर्ने) सिष्टमबाटै ट्रान्सफर मार्फत जम्मा गर्नुपर्नेछ । यस्तो अवस्थामा खरिदकर्ताको नाउँमा नयाँ प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा बनाई बजार निर्माता मार्फत सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउन पत्रसाथ पठाउनु पर्नेछ ।

दोस्रो बजारमा बजार निर्माता मार्फत खरिद बिक्री भएका ऋणपत्रहरु र पेश गरिएका कागजातहरु प्रचलित बजार निर्माता सम्बन्धी कार्यविधि तथा अन्य नियम, विनियम अनुसार भए/नभएको बारेमा जाँचबुझ गर्नु यस फाँटको कर्तब्य हुन आउँदछ ।

(ई) <u>घरायसी दरपिठ गरी ऋणपत्र खरिद बिक्री गर्ने</u> : घरायसी दरपिठ गरी खरिद बिक्री भएका ऋणपत्र नामसारीका लागि नियमानुसार लाग्ने दस्तुर तिरेको भौचर तथा नेपाली नागरिकताको छविचित्र सहित प्राप्त हुन आएमा बिक्रेताको ऋणपत्र खातामा रहेको बिक्री भएको ऋणपत्र र रकम खर्च गरी क्रेताको ऋणपत्र खातामा (ऋणपत्र खाता नभएमा नयाँ खोल्नु पर्ने) सिष्टमबाटै ट्रान्सफर मार्फत जम्मा गर्नुपर्नेछ । यस्तो अवस्थामा खरिदकर्ताको नाउँमा नयाँ प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जा बनाई सम्बन्धित ब्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

(उ) <u>बैंकका उपत्यका बाहिरका कार्यालयहरु मार्फत खरिद भएका ऋणपत्रहरु</u> : (१) बैंकका उपत्यका बाहिरका कार्यालयहरु मार्फत दोस्रो बजारमा ऋणपत्रको खरिद कार्य मात्र हुन्छ, बिक्री कार्य हुने गरेको छैन । बैंकका उपत्यका बाहिरका कार्यालयहरुबाट ऋणपत्रको दोस्रो बजारमा ऋणपत्र धनीहरुबाट खरिद गरेको ऋणपत्र प्रक्रिया पुऱ्याई आवश्यक कार्यार्थ विभागमा प्राप्त भएको अवस्थामा यस फाँटले उक्त ऋणपत्र बिक्रेताको ऋणपत्र खाता खर्च गरी नेपाल राष्ट्र बैंक दोस्रो बजारको नाउँमा रहेको खातामा जम्मा गर्नुपर्दछ । यस्तो कारोबारमा बिक्री भएको ऋणपत्र बराबरको रकम बैंकको सम्बन्धित ऋणपत्र लगानी खाता खर्च भई बिक्रेताको बैंक स्थित Non-Operative खातामा जम्मा हुन जान्छ । साथै यस बैंकले सो ऋणपत्र खरिद गरे वापत बिक्रेतालाई तिर्नुपर्ने बाँकी अवधिको ब्याज रकम यस बैंकमा रहेको सरकारी ऋणपत्र दोस्रो बजार कारोबार खर्च खाता खर्च भई ऋणपत्र बिक्रेताको खाता (Non-Operative Account) मा जम्मा हुन जान्छ ।

(२) बैंकका उपत्यका बाहिरका कार्यालयहरुले दोस्रो बजारमा बिक्रेता मार्फत ऋणपत्र खरिद गर्दा भुक्तानी दिनु पर्ने साँवा र बाँकी अवधिको ब्याज रकम बैंकस्थित सम्बन्धित खाता खर्च गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोले बैंकले ऋणपत्र खरिद वापत भुक्तानी दिएको रकम उपरोक्त खातामा नेगेटिभ ब्यालेन्सको रुपमा रहेको हुन्छ । त्यसैले माथि उल्लिखित कारोबार पश्चात् सम्बन्धित बिक्रेताको Non-Operative खातामा सिष्टमबाट जम्मा हुन गएको साँवा तथा ब्याज रकम यस

फाँटले ऋणपत्र बिक्रेताको उक्त सम्बन्धित खाता खर्च गरी सम्बन्धित खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्नेछ ।

(ऊ) उपत्यका बाहिरका बैंकका कार्यालयहरुले दोस्रो बजारबाट खरिद गरेका ऋणपत्र ब्याज भुक्तानी मितिभन्दा पछाडिको मितिमा विभागमा प्राप्त हुन आएमा ती ऋणपत्रको हिसाव मिलान ब्याज भुक्तानी मितिका दिनको Value date मा बैंकले खरिद गर्नु पर्दछ । बैंकले खरिद गरेको मितिभन्दा अगाडिको किस्ताको ब्याज सम्बन्धित ऋणपत्र विक्रेताको खातामा सिष्टमबाटै जम्मा हुने भएको हुँदा बैंकले खरिद गरेको मितिदेखि ब्याज भुक्तानी मिति (खरिद गरेको मिति) भन्दा अघिल्लो दिनसम्मको ब्याज म्यानुअली हिसाव गरी सिष्टमबाटै बैंकको ऋणपत्रको ब्याज आम्दानी हिसावमा र बाँकी ब्याज जुन कार्यालयले खरिद गरेको हो सोही कार्यालयको सम्बन्धित खातामा जम्मा गरी हिसाव मिलान गर्नुपर्नेछ ।

(ग) अन्य कार्यहरु:

(१) ऋणपत्रको खण्डीकरण वा एकीकरण: ऋणपत्रको खण्डीकरण वा एकीकरणका लागि ऋणपत्र धनीले सक्कल ऋणपत्रका साथमा नागरिकताको छविचित्र संलग्न राखी नियमानुसारको दस्तुर तिरेको भौचर सहित विभागमा निवेदन दिएको अवस्थामा यस फाँटले सम्बन्धित निवेदकको ऋणपत्र खातामा कुनै कारोबार नगरी प्राप्त पुरानो ऋणपत्र रद्द गरी सम्बन्धित निवेदकको माग अनुसार अर्को नयाँ ऋणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) ऋणपत्रको मृत्यु नामसारी: ऋणपत्र धनीको मृत्यु भएमा राष्ट्र ऋण ऐन अनुसार उक्त ऋणपत्रमा हक पुग्ने व्यक्तिबाट सोका लागि नियमानुसार पेश गर्नुपर्ने आवश्यक कागजात सहित विभागमा निवेदन पेश हुन आएमा यस फाँटले पेश भएका कागजातहरुको आवश्यक जाँचबुझ गरी ऐन तथा नियमावलीमा उल्लिखित ब्यहोराको आधारमा हकवाला किटान गरी विभागीय सदर टिप्पणी बमोजिम मृतक ऋणपत्र धनीको नाउँमा रहेको पुरानो ऋणपत्र रद्द गरी निजको नजिकको हकवाला व्यक्तिको नाउँमा नयाँ प्रमाणपत्र बनाई उपलब्ध गराउनु पर्नेछ । यसो गर्दा मृतक ऋणपत्र धनीको ऋणपत्र खातामा भएको ऋणपत्रलाई नयाँ हकवाला व्यक्तिको ऋणपत्र खाता (खाता नभएको भए खोल्नु पर्ने) मा उक्त ऋणपत्र सिष्टमबाटै ट्रान्सफर गरेको हुनु पर्नेछ । यदि मृतक ऋणपत्र धनीको Non-Operative खातामा भुक्तानी लिनुपर्ने ब्याज रकम बाँकी भएमा सो ब्याज रकम समेत नयाँ हकवालाको Non-Operative खातामा सिष्टमबाटै रकमान्तर गर्नुपर्नेछ ।

(३) ऋणपत्रको प्रतिलिपि दिने: ऋणपत्र हराएमा, च्यातिएमा, चोरिएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट अस्पष्ट भएमा सोका लागि नियमानुसार पेश गर्नुपर्ने आवश्यक कागजात र ऋणपत्रको प्रतिलिपि भए सो समेत संलग्न गरी पछिल्लो किस्ताको ब्याज भुक्तानी लिएको संस्थाको नाम, दरपीठ गरी बिक्री नगरेको र कुनै संस्थामा धितो नराखेको भन्ने व्यहोरा खुलाई नियमानुसार तिर्नुपर्ने दस्तूर बुझाएको भौचर सहित ऋणपत्र धनीले त्यस्तो ऋणपत्रको प्रतिलिपि पाउँ भनी विभाग समक्ष निवेदन दिएको अवस्थामा यस फाँटले प्रचलित ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्था बमोजिमको अवधि र आवश्यक प्रक्रिया पूरा गरी आवश्यक देखिएमा कवुलियतनामा समेत गराई स्वीकृत विभागीय टिप्पणीको आधारमा त्यस्तो ऋणपत्रको प्रमाणित प्रतिलिपि दिनु पर्नेछ ।

(४) ऋणपत्रको मौज्दात प्रमाणीकरण: ऋणपत्र धनीले सक्कल ऋणपत्र र सोको छविचित्र सहित प्रमाणीकरण आवश्यक भएको मुद्राको नाम आदि विवरण खुलाई नियमानुसारको दस्तुर बैंकको नाफा नोक्सान आम्दानी हिसाव फुटकर खातामा जम्मा गरेको भौचर संलग्न गरी ऋणपत्रको मौज्दात प्रमाणीकरणका लागि विभाग समक्ष निवेदन दिएमा यस फाँटले त्यस्तो ऋणपत्रको मौज्दात प्रमाणीकरण पत्र आवश्यकता अनुसारको भाषामा बनाई उपलब्ध गराउनु पर्नेछ । यसरी प्रमाणीकरण पत्र तयार गर्नु अगावै सक्कल ऋणपत्र नियमानुसार भए/नभएको रुजु गर्नुपर्नेछ ।

(५) इच्छापत्र: राष्ट्र ऋण ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम आफ्नो शेषपछि ऋणपत्रमा हक पुग्ने गरी कसैलाई इच्छाउन चाहने ऋणपत्र धनीले नियमावलीको अनुसूचीमा दिईए बमोजिमको दुई प्रति इच्छापत्र फारम भरी दुबै प्रति फारममा इच्छाईएको व्यक्तिको फोटो टाँस गरी इच्छाईएको व्यक्तिको नागरिकताको छविचित्र र आवश्यक कागजात संलग्न राखी ऋणपत्रको सक्कल प्रमाणपत्र सहित विभागमा निवेदन पेश गर्न सक्नेछन् । यसरी इच्छापत्रको लागि निवेदन पेश हुन आएमा यस फाँटले जाँचबुझ गरी इच्छापत्र गरिदिने ऋणपत्र धनीको सक्कल प्रमाणपत्रमा इच्छापत्र गरेको मिति, इच्छाईएको व्यक्तिको नाम र आवश्यक ब्यहोरा उल्लेख गरी सो ब्यहोरा विभागीय प्रमुखबाट प्रमाणित गराई, विभागको छाप लगाई ऋणपत्र धनीलाई उपलब्ध गराउनु पर्नेछ । स्वीकृत दुईप्रति इच्छापत्र फारममध्ये एकप्रति धनीलाई दिने र एकप्रति विभागमा सुरक्षित तथा व्यवस्थित तवरले फाइल गरी राख्नु पर्नेछ ।

(६) बजार निर्माता तथा बिक्री एजेण्टको इजाजतपत्र: बजार निर्माता तथा वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि अनुसार सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न इच्छुक वित्तीय संस्था एवम् रेमिट्यान्स कम्पनीले तोकिए बमोजिमका आवश्यक कागजात संलग्न गरी नयाँ इजाजतपत्रका लागि तोकिएको बमोजिमको दस्तुर तिरेको भौचर सहित बजार निर्माता तथा बिक्री एजेण्टको इजाजतपत्रका लागि जुनसुकै समयमा विभागमा आवेदन पेश गरेको अवस्थामा यस फाँटले उक्त कार्यविधिहरुमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको अवधिको लागि इजाजतपत्र प्रदान गर्नुपर्नेछ । उक्त इजाजतपत्रहरुको नमूना अनुसूची २ र ३ मा उल्लेख गरिएको छ । बजार निर्माता तथा बिक्री एजेण्टको इजाजत प्राप्त संस्थालाई सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार प्रचलित कार्यविधि अनुसार गर्न लगाउनु पर्नेछ ।

(७) इजाजतपत्र नवीकरण: तोकिएको समयसीमा भित्र बजार निर्माता तथा बिक्री एजेण्टबाट आफ्नो इजाजतपत्र नवीकरणका लागि आवश्यक कागजात सहित तोकिए बमोजिमको दस्तूर (थप दस्तूर लाग्ने भए सो समेत) तिरेको भौचर र इजाजतपत्रको सक्कल प्रति संलग्न गरी विभागमा निवेदन पेश हुन आएमा यस फाँटले आवश्यक प्रक्रिया पूरा गरी त्यस्तो इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ । इजाजतपत्र नवीकरण नगर्ने वा नभएका बजार निर्माताको स्वामित्वमा रहेका ऋणपत्र (दोस्रो बजारबाट खरिद गरेका ऋणपत्र मात्र) इजाजपत्रको बहाल अवधि पश्चात्को मितिमा बैंकले सकार गरी सो वापतको साँवा तथा ब्याज रकम उक्त बजार निर्माताको खातामा जम्मा गरी दिनु पर्नेछ ।

(८) बजार निर्माता तथा बिक्री एजेण्टको निरीक्षण, अनुगमन, अनुशिक्षण तथा कारवाही: विभागले इजाजतपत्र प्रदान गरेका बजार निर्माता तथा बिक्री एजेण्टले सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार तोकिए बमोजिम एवम् नियमानुसार प्रक्रिया पुऱ्याई गरे/नगरेको तथा विभागले जारी गरेका नीति निर्देशनहरु पालना गरे/नगरेको सम्बन्धमा समय समयमा निरीक्षण तथा अनुगमन गर्नुपर्नेछ । आवश्यक देखिएमा सो बारेमा अनुशिक्षण समेत दिन सकिनेछ । बजार निर्माता तथा बिक्री एजेण्टको निरीक्षण तथा अनुगमन कार्यमा खटिई जाने कर्मचारीले निरीक्षण पश्चात् आवश्यक देखिएमा राय सुझाव सहित तोकिए बमोजिमको ढाँचामा विभाग समक्ष निरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ । बजार निर्माता तथा बिक्री एजेण्टले गर्ने सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार सम्बन्धी हरेक क्रियाकलापहरुको कार्यालयमै बसी नियमित रुपमा अनुगमन गर्नुपर्नेछ । यदि कुनै बजार निर्माता तथा बिक्री एजेण्टको क्रियाकलाप शंकास्पद वा बजार निर्माता तथा वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधिको बर्खिलाप देखिएमा तुरुन्त खुला बजार सञ्चालन समितिमा पेश गरी निर्णयानुसार विभागबाट कारवाही अघि बढाउनु पर्नेछ ।

(९) विशेष ऋणपत्र निष्काशन: नेपाल सरकारबाट विशेष ऋणपत्र जारी गर्ने सम्बन्धमा बैंकलाई अनुरोध भई आएको अवस्थामा तोकिएको विवरण तथा शर्तको अधीनमा रही गभर्नरको स्वीकृति पश्चात् त्यस्तो ऋणपत्र जारी गर्नुपर्नेछ । विशेष ऋणपत्र जारी गर्नु पूर्व सम्बन्धित व्यक्ति वा संस्थालाई उल्लिखित रकमको फारम भराई व्यक्ति भए सम्बन्धित व्यक्तिको सहिछाप र संस्था भए सम्बन्धित संस्थाका दुईजना अधिकारीको दस्तखत गराई संस्थाको छाप लगाएपछि सम्बन्धित धनीलाई विशेष ऋणपत्रको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । निष्काशन मितिका दिन अन्य ऋणपत्रको जस्तै हिसाव मिलान गरी निष्काशित रकम नेपाल सरकारको राष्ट्र ऋण खातामा जम्मा गर्नुपर्दछ ।

(१०) गभर्नरको दस्तखत: (१) भौतिक रुपमा प्रमाणपत्र उपलब्ध गराउनु पर्ने मध्यम तथा दीर्घकालीन ऋणपत्रको प्रमाणपत्र तथा ब्याज भुक्तानी पुर्जामा अन्य अधिकृत कर्मचारीहरुको दस्तखत पश्चात् विभागीय प्रमुखको दस्तखत भएपछि ती प्रमाणपत्रहरुको अग्र भागमा रहेको तोकिएको स्थानमा विभागमा रहेको फ्यासिमाईल मेशिनबाट सम्बन्धित फाँट प्रमुख, निर्देशक र विभागीय प्रमुखको रोहबरमा गभर्नरको दस्तखत छाप लगाउनु पर्नेछ । यस्तो दस्तखत छाप लगाउँदा निम्न बुँदाहरुमा ध्यान दिनु पर्ने हुन्छ:-

(क) फ्यासिमाईल मेशिनले देखाएको नम्बर

(ख) दस्तखत छाप लगाउनु पर्ने ऋणपत्रको क्रम संख्या,

(ग) दस्तखत छाप लगाई सकेको एउटै सिरिजको ऋणपत्रको अन्तिम क्रमसंख्या,

(घ) प्रमाणपत्रको प्रकार (प्रमिशरी नोट वा स्टक) र

(ङ) अन्य ।

(२) फ्यासिमाईल मेशिनबाट गभर्नरको दस्तखत छाप लगाएको मिति, ऋणपत्रको प्रकार (स्टक वा प्रमिशरी नोट), क्रमसंख्या, फ्यासिमाईल मेशिन नम्बर, ऋणपत्रको थान तथा फ्यासिमाईल मेशिनले देखाएको अन्तिम नम्बर आदि विवरण

"फ्यासिमाईल मेशिन नम्बर अभिलेख रजिष्ट्रर" मा उल्लेख गरी छाप लगाउने कर्मचारी तथा फाँट प्रमुख, उपनिर्देशक, निर्देशक र विभागीय प्रमुखको दस्तखत गराउनु पर्नेछ । यस्तो अभिलेख रजिष्ट्रर सुरक्षित रुपमा राख्ने जिम्मेवारी फाँट प्रमुखको हुनेछ ।

(११) छपाई भई आएका ऋणपत्रहरु तथा होलोग्रामको व्यवस्थापन : छपाई भई आएका ऋणपत्रहरु तथा होलोग्राम अनाधिकृत रुपमा प्रयोगमा नआउन् भन्ने उद्देश्यले यिनीहरुको उचित व्यवस्थापन तथा सुरक्षामा विशेष ध्यान दिनु फाँट प्रमुखको मुख्य दायित्व हुन आउँदछ । यस्ता ऋणपत्र तथा होलोग्रामको प्रयोग पश्चात् सोको अभिलेख प्रमाणित गराई व्यवस्थित तवरले राख्नु पर्नेछ ।

(१२) भुक्तानी म्याद सकिएका ऋणपत्रको फाइल: ऋणपत्र निष्काशन पश्चात् सम्बन्धित ऋणपत्रको फाइल व्यवस्थित रुपमा आवश्यक कायार्थ फाँटमा नै राख्नु पर्नेछ । ऋणपत्रको भुक्तानी मितिका दिन उक्त फाइल लेखा तथा शोधभर्ना फाँटलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(१३) फाइलिङः ऋणपत्र निष्काशन गर्ने क्रममा प्राप्त भएका आवेदनहरु ऋणपत्रको सिरिज नम्बर र क्रमसंख्या अनुसार व्यवस्थित रुपमा मिलाई सजिलैसँग उपलब्ध हुने गरी सुरक्षित तवरले फाइल खडा गरी राख्नु पर्नेछ । दोस्रो बजार कारोबार अन्तर्गत प्राप्त कागजातहरु तथा अभिलेखहरु सिष्टमबाट प्रिण्ट गरी व्यवस्थित तवरले राख्ने गर्नुपर्नेछ । बजार निर्माताबाट प्राप्त भएका दैनिक तथा मासिक कारोबार विवरण, रद्द गरिएका ऋणपत्र र फाँटमा प्राप्त भएका अन्य सम्पूर्ण कागजात समेत सम्बन्धित फाइलमा खोजेको समयमा तुरुन्तै उपलब्ध हुने गरी सुरक्षित तवरले राख्नु पर्नेछ ।

(१४) धितो राखी ऋण लिएका ऋणपत्र रोक्का सम्बन्धी व्यवस्था: २०७० वैशाख १ देखि बैंकले प्रयोग गर्दै आएको नयाँ जिएल सिष्टममा धितो राखी ऋण लिएका ऋणपत्र धनीहरुको ऋणपत्र रोक्का गर्ने सम्बन्धमा कुनै सहज व्यवस्था नभएको हुँदा कुनै ऋणपत्र धनीले कुनै बैंकमा आफ्नो ऋणपत्र धितो राखी ऋण लिएको अवस्थामा ऋण प्रदान गर्ने संस्थाबाट उक्त धितो रहेको ऋणपत्र रोक्काको लागि विभागमा अनुरोध भई आएमा यस फाँटले "ऋणपत्र रोक्का अभिलेख रजिष्ट्रर" मा धितो राख्ने ऋणपत्र धनी र धितो रहेको ऋणपत्रको सम्पूर्ण विवरण उल्लेख गरी रोक्का जनाई सम्बन्धित संस्थाबाट प्राप्त पत्र सुरक्षित तवरले फाइल गरी राख्नु पर्नेछ । रोक्का रहेको ऋणपत्र फुकुवा सम्बन्धी पत्र प्राप्त भए पश्चात् उक्त अभिलेख रजिष्ट्ररमा फुकुवा जनाई प्राप्त फुकुवा पत्र छुट्टै फाइलमा फाइलिङ गरी राख्नु पर्नेछ ।

## परिच्छेद-६

## लेखा तथा शोधभर्ना फाँट

१६. लेखा तथा शोधभर्ना सम्बन्धी कार्य: नेपाल सरकारको तर्फबाट बैंकद्वारा निष्काशन गरिएका ऋणपत्रहरु (ट्रेजरी बिल बाहेक) को भुक्तानी मितिमा साँवा तथा ब्याज रकम नेपाल सरकारसँग माग गरी सो रकम भुक्तानी गर्ने, बैंक तथा वित्तीय संस्था एवम् बजार निर्माताहरुबाट माग भएको शोधभर्ना रकम उपलब्ध गराउने तथा कमिशन रकम माग गर्ने, प्रदान गर्ने कार्यसँग सम्बन्धित देहाय बमोजिमका कार्यहरु यस फाँटले गर्नुपर्नेछः-

(क) ब्याज शोधभर्नाः

(१) नेपाल सरकारको तर्फबाट बैंकद्वारा जारी गरिएका विभिन्न ऋणपत्रमध्ये प्रत्येक महिनामा भुक्तानी दिनु पर्ने कुल ब्याज रकमको हिसाब गरी भुक्तानी गर्न तोकिएको महिनाभन्दा अघिल्लो महिनाको मसान्त अगाडि नै नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयसँग सो रकम माग गर्नुपर्नेछ । यस्तो रकम माग गर्दा पत्रमा अख्तियार प्राप्त अधिकारीको दस्तखत गर्नु /गराउनु पर्नेछ ।

(२) महालेखा नियन्त्रक कार्यालयसँग ब्याज रकम माग गर्दा ऋणपत्रको किसिम, किस्ता, ब्याजदर, ब्याज भुक्तानी मिति तथा कुल साँवा एवम् ब्याज रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(३) उपखण्ड (१) बमोजिम पत्राचार गर्दा अख्तियार प्राप्त अधिकारी समक्ष उक्त पत्र पेश गरी फाँट प्रमुखले कार्य सम्पादन गर्नेछ र सोही बमोजिम प्रत्येक महिनामा नेपाल सरकारसँग त्यस्तो रकमको माग समयमै गर्नु /गराउनु निजको कर्तव्य हुनेछ ।

(४) नेपाल सरकारबाट ब्याज रकम वापतको चेक प्राप्त भएपछि उक्त रकम तोकिएको खातामा जम्मा गर्नका लागि बैकिङ कार्यालयमा सम्बन्धित खातामा जम्मा गर्न पठाउनु पर्नेछ । बैकिंङ कार्यालयलाई लेखेको सो पत्रको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक नीति विश्लेषण महाशाखा तथा महालेखा नियन्त्रक कार्यालय, ऋण शाखालाई दिनु पर्नेछ । यसरी पत्र सहित चेक पठाउँदा चेकको पछाडि सम्बन्धित फाँटको अधिकारीले दरपीठ गरी बैंकको छाप समेत लगाउनु पर्नेछ । बैंकिङ कार्यालयमा जम्मा गर्न पठाएको चेक सम्बन्धित खातामा जम्मा भएको यकिन गरी ब्याज भुक्तानी मितिका दिन उक्त खाता खर्च गरी सम्बन्धित ऋणपत्रधनीहरुको यस विभागमा रहेको ऋणपत्र खाता (Non Operative Account) मा जम्मा गर्नुपर्नेछ ।

(५) ऋणपत्रको धनीले ब्याज भुक्तानी मितिमा अर्ध-वार्षिक ब्याज रकमको भुक्तानी यस बैंकको काठमाडौं उपत्यका भित्र बैकिङ कार्यालय, काठमाडौं उपत्यका बाहिर बैंकका कार्यालय, अन्य बैंक/वित्तीय संस्था तथा बजार निर्माताहरुबाट लिन सक्नेछन् । विभागले तोकेको ढाँचा अनुसारको भौचर भरी/भराई धनी वा निजले लिखित मञ्जुरीनामा दिएको व्यक्तिले ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा समेत पेश गरेमा मात्र आवश्यक प्रक्रिया पुऱ्याई निजलाई त्यस्तो रकम भुक्तानी दिनु पर्नेछ । यसरी भुक्तानी दिइएको रकम शोधभर्नाको लागि यस अन्य बैंकका कार्यालय बाहेक बैंक/ वित्तीय संस्था तथा बजार निर्माताहरुले पत्र सहित उक्त भौचर यस विभागमा पठाउनु पर्नेछ । भौचरको नमूना अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(६) उपखण्ड (५) अनुसार पत्र प्राप्त भएपछि ब्याज रकम शोधभर्नाका लागि प्राप्त भएको भौचर वर्गीकरण गरी माग भएको व्यक्तिको नाममा किस्ता अनुसार भुक्तानी भएको ब्याज रकम धनीलाई भुक्तानी दिएको ठीक छ/छैन हेरी ठीक ठहरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा उक्त रकम जम्मा गरी दिनु पर्नेछ । प्रक्रिया नपुऱ्याई भुक्तानी दिएको भौचरलाई कारण सहित सम्बन्धित संस्थामा फिर्ता पठाउनु पर्नेछ । त्यसरी फिर्ता पठाइएको भौचरमा आवश्यक सुधार गरी पुनः शोधभर्ना माग भई आएमा ब्याज रकमको शोधभर्ना दिनु पर्नेछ । विभागबाट ब्याजको शोधभर्ना दिंदा ब्याजकर सहितको पूरा रकम दिनु पर्नेछ ।

(ख) साँवा शोधभर्नाः

(१) आगामी महिनामा भुक्तानी अवधि समाप्त हुने ऋणपत्रको साँवाको विवरण तयार पारी भुक्तानी गर्नु पर्ने कुल साँवा रकम भुक्तानी गर्न तोकिएको महिनाभन्दा अघिल्लो महिनाको मसान्त अगाडि नै नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयसँग सो रकम माग गर्नुपर्नेछ । यस्तो रकम माग गर्दा पत्रमा अख्तियार प्राप्त अधिकारीबाट दस्तखत गर्नु /गराउनु पर्नेछ ।

(२) उपखण्ड (१) बमोजिम माग गरिएको साँवा रकमको चेक नेपाल सरकारबाट प्राप्त भएपछि सो चेकको पछिल्लो भागमा दरपिठ गरी बैंकको छाप लगाई बैंकिङ कार्यालयस्थित सम्बन्धित ऋणपत्रको साँवा हिसाव खातामा जम्मा गर्न पठाउनु पर्नेछ । यसरी बैंकिङ कार्यालयमा चेक जम्मा गर्न पठाएको पत्रको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक नीति विश्लेषण महाशाखा तथा महालेखा नियन्त्रक कार्यालय, ऋण शाखा लाई समेत दिनु पर्नेछ ।

कथम्कदाचित साँवा रकम भुक्तानी गर्नुपर्ने दिनसम्म चेक प्राप्त नभएमा सम्बन्धित साँवा हिसाव खाता खर्च गरी भुक्तानी गर्नुपर्नेछ र सोको शोधभर्ना माग गर्न अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलाई ताकेता गर्नुपर्नेछ । त्यसपछि प्राप्त चेकलाई सम्बन्धित खातामा जम्मा गर्न बैंकिङ कार्यालयलाई पत्र लेखी चेक सहित पठाउनु पर्नेछ ।

(३) बैकिङ कार्यालयमा सम्बन्धित ऋणपत्र खातामा साँवा रकम जम्मा भएको यकीन गरी साँवा भुक्तानी गर्नुपर्ने मितिका दिन यस फाँटले सम्बन्धित ऋणपत्रधनीको बैंक स्थित non-operative खातामा साँवा रकम जम्मा गर्नुपर्नेछ । त्यसपछि बैंकिंङ कार्यालय र उपत्यका बाहिरका बैंकका कार्यालयबाट भुक्तानी मिति समाप्त भएका ऋणपत्रका धनीहरुलाई अनिवार्य रुपमा साँवा भुक्तानी दिनु पर्नेछ । बैंक/वित्तीय संस्था तथा बजार निर्माताहरुले पनि ऋणपत्रको साँवा रकम भुक्तानी दिन सक्नेछन् ।

(४) बैंकिङ कार्यालय र उपत्यका बाहिरका बैंकका कार्यालयहरु बाहेकका साँवा भुक्तानी गर्ने बैंक/वित्तीय संस्था तथा बजार निर्माताहरुले शोधभर्नाका लागि सक्कलै ऋणपत्र र सोको विवरण सहितको पत्र विभागमा पठाउनु पर्नेछ । ऋणपत्रको पृष्ठ भागमा तोकिएको स्थानमा साँवा भुक्तानी लिएवापत धनीको सहीछाप, रकम, मिति, ठेगाना तथा फोन नम्बर लेखिएको र भुक्तानी दिने संस्थाको दुई जना आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप भएमा साँवा रकमको शोधभर्ना उपलब्ध गराउनु पर्नेछ । धितोको रुपमा राखिएको ऋणपत्र निखन्न नआउँदै ऋणपत्रको म्याद समाप्त भएमा धितोमा लिने वाणिज्य बैंक वा वित्तीय संस्थाले यस्तो ऋणपत्रको साँवाको शोधभर्ना माग गर्न सक्नेछ । यसरी शोधभर्ना माग गर्दा ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी पूर्जाको सक्कलै प्रति सहित ऋणीले गरिदिएको तमसुकको छविचित्र र ऋणपत्रको पछाडिपट्टि “साँवा भुक्तानी प्राप्त भयो” भन्ने स्थानमा संस्थाका सम्बन्धित दुईजना अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको हुनु पर्नेछ । कथम्कदाचित् ऋणीले गरिदिएको तमसुकको प्रमाणित प्रतिलिपि वा छविचित्र पेश गर्न नसकेमा ऋणीले कर्जा लिएको प्रमाणित हुने कुनै कागजातको प्रमाणित प्रतिलिपि वा छविचित्र पेश गर्नुपर्नेछ, अन्यथा भुक्तानी दिईने छैन ।

(५) उपखण्ड (४) बमोजिमको विवरण भरी शोधभर्नाको लागि विभागमा ऋणपत्र प्राप्त भएपछि प्रत्येक व्यक्तिको आवश्यक विवरण रुजु गरी ठीक ठहरेमा सम्बन्धित ऋणपत्र धनीको non-operative खाता खर्च गरी साँवा भुक्तानी गर्ने संस्थाको खातामा साँवा तथा बाँकी रहेको ब्याज रकम जम्मा गरिदिनु पर्नेछ ।

(ग) हिसाब मिलान: ऋणपत्र धनीको non-operative खाता नियमित रुपमा reconcile गरी भुक्तानी हुन बाँकी ऋणपत्रहरुको साँवा तथा ब्याज रकम मात्र सम्बन्धित धनीको खातामा देखिने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ ) राष्ट्र ऋण व्यवस्थापन शुल्क:

(१) प्रत्येक आर्थिक वर्षको असोज र चैत मसान्तमा नेपाल सरकार र बैंक बीच भएको सम्झौतामा तोकिए बमोजिमको दरले हुन आउने राष्ट्र ऋणको निष्काशन एवम् व्यवस्थापन गरे वापतको व्यवस्थापन शुल्क माग गर्न नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्नु पर्नेछ । यस्तो पत्र वा विवरण तयार गर्न विभागको ट्रेजरी बिल फाँट र निष्काशन तथा व्यवस्थापन फाँटले आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ ।

(२) उपखण्ड (१) बमोजिम माग गरेको रकमको चेक प्राप्त भएपछि अख्तियार प्राप्त अधिकारीबाट दरपीठ गरी बैंकको छाप समेत लगाई सम्बन्धित खातामा जम्मा गर्न पत्र सहित बैंकिङ कार्यालयमा पठाउनु पर्नेछ । यसरी बैंकिङ कार्यालयलाई लेखेको पत्रको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक नीति विश्लेषण महाशाखा, महालेखा नियन्त्रक कार्यालय र बैंकको वित्त व्यवस्थापन विभागमा समेत दिनु पर्नेछ ।

(ङ) ब्याज भुक्तानी कमिशन:

(१) गत आर्थिक वर्षभरि ब्याज भुक्तानी गरेका बैंक/वित्तीय संस्था तथा बजार निर्माताहरुको यस फाँटमा रहेको तथ्याङ्क बमोजिम नेपाल सरकार र यस बैंक बीच भएको सम्झौताको आधारमा नेपाल सरकारसँग कमिशन रकम माग गर्नुपर्नेछ । यस्तो कार्य असार मसान्त वा नयाँ आर्थिक वर्षको शुरुमै गर्नुपर्नेछ ।

(२) उपखण्ड (१) बमोजिम माग गरेको कमिशन रकम प्राप्त भएपछि उक्त चेक रकमलाई बैंकिङ कार्यालयमा सम्बन्धित कमिशन खातामा जम्मा गर्न पठाउनु पर्नेछ । यसरी पठाएको चेक सम्बन्धित खातामा जम्मा भएको यकीन गरी सोही खाता खर्च गरेर सम्बन्धित बैंक/वित्तीय संस्था वा बजार निर्माताको खातामा प्रचलित नियमानुसार कर कट्टी गरी बाँकी रकम जम्मा गर्नुपर्नेछ । कर कट्टी वापतको रकम सम्बन्धित कर हिसाव खातामा जम्मा गर्नुपर्नेछ । यसरी उपलब्ध गराइएको रकमको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई गराउनु पर्नेछ ।

(च) फाइलिङ तथा अभिलेख व्यवस्थापन: बैंक/वित्तीय संस्था तथा बजार निर्माताले ब्याज भुक्तानी गरेको रकममा प्रदान गरिएको कमिशन रकमको भौचर, कम्प्यूटरबाट तयार गरिएको विवरण, साँवा भुक्तानी भईसकेको ऋणपत्र, ब्याज भुक्तानी भौचर र साँवा भुक्तानी दिन बाँकी ऋणपत्रको विवरणलाई तत्कालै प्राप्त हुने किसिमबाट देहाय बमोजिम अभिलेख राख्नु पर्नेछ:-

(क) ब्याज भुक्तानी सम्बन्धी फाइल : ऋणपत्र निष्काशन भइसकेपछि ऋणपत्र धनीको नाम र पोर्टफोलियो अनुसार ऋणपत्रको अवधि बमोजिम ६/६ महिनामा पाउने ब्याज रकम र किस्ता संख्याको अभिलेख सिष्टमबाट प्रिन्ट आउट निकाली व्यवस्थित रुपमा फाइलिङ गरी राख्नु पर्नेछ ।

(ख) साँवा भुक्तानी सम्बन्धी फाइलः यस फाइलमा साँवा भुक्तानी भई शोधभर्नाको निमित्त प्राप्त प्रमाणपत्र तथा ब्याज भुक्तानी पुर्जाको नियमानुसार भुक्तानी गरी उक्त भौचर र भुक्तानी भएको साँवा तथा ब्याज भुक्तानी पूर्जामा cancelled छाप लगाई सिरिज अनुसार व्यवस्थित रुपमा छुट्टाछुट्टै राख्नु पर्नेछ ।

(ग) फाइलिङः बैंकको केन्द्रीय कार्यालयबाट जारी गरिएका परिपत्र, विभागको आन्तरिक परिपत्र तथा आदेश, भौचरहरु र ती भौचरको आधारमा आवश्यक कारोबारका लागि सम्बन्धित निकायसँग गरिएको पत्राचारको कार्यालय प्रतिहरु सुरक्षित एवम् खोजेको समयमा तुरन्त उपलब्ध हुने गरी फाईलिङ गरी राख्नु पर्नेछ ।

(छ) चलानीः फाँटबाट सम्बन्धित निकायमा पठाइने चिट्ठीपत्र चलानी गरेर मात्र पठाउनु पर्नेछ । बैंकको थापाथलीस्थित विभाग एवम् कार्यालयमा पठाइने चिट्ठीपत्र विभागमै कार्यरत तोकिएका कर्मचारीबाट बितरण गरिने र त्यसभन्दा बाहेकका ठेगानामा पठाइने चिट्ठीपत्र आवश्यक व्यवस्थापनका लागि विभागको नीति योजना तथा आन्तरिक प्रशासन फाँटमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-७

## मौद्रिक व्यवस्थापन फाँट

१७. मौद्रिक व्यवस्थापन सम्बन्धी कार्यः बैंकको अनुसन्धान विभागले तयार गर्ने "तरलता अनुगमन तथा प्रक्षेपण संरचना (LMFF)" तथा अन्य परिसूचकहरुले इङ्गित गरे अनुसार बैंकिङ प्रणालीमा अधिक तरलता भए प्रशोचन गर्ने र न्यून तरलता भए प्रवाह गर्ने कार्य खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम यस फाँटले गर्नु पर्नेछ । खुला बजार कारोबारका सन्दर्भमा गरिने रिपो/रिभर्स रिपो एवम् सोझै खरिद/बिक्री कारोबार तथा स्थायी तरलता सुविधा कारोबारका लागि काउण्टरपार्टीहरुले सरकारी ऋणपत्रहरु (ट्रेजरी बिल्स र विकास ऋणपत्रहरु), नेपाल राष्ट्र बैंक ऋणपत्र वा बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र बैंक समक्ष पेश गर्नुपर्नेछ । यसका साथै यस फाँटले सरकारी ऋणपत्र तथा मौद्रिक कारोबार सम्बन्धी तथ्याङ्क तथा जानकारी अद्यावधिक मासिक रुपमा बैंकको वेभसाइट मार्फत् प्रकाशन गर्ने र त्यसलाई नियमित रुपमा अद्यावधिक गर्ने कार्य गर्नुपर्नेछ ।

(क) रिपो बोलकबोल कारोबारः (१) वित्तीय प्रणालीमा साधारण प्रकृतिको न्यून तरलता भएको अवस्थामा समितिको निर्णय बमोजिम आवश्यकता अनुसार सात दिनका लागि नियमित प्रकारको रिपो बोलकबोल कारोबार मार्फत् तरलता प्रवाह गर्नु पर्दछ । यस्तो कारोबार गर्दा बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बराबरको ऋणपत्र खरिद/बिक्री गर्ने प्रतिवद्धता सहित काउण्टरपार्टीसँग सम्झौता (माष्टर रिपर्चेज एग्रीमेण्ट) गर्नुपर्नेछ ।

(२) बैंकसँग माष्टर रिपर्चेज एग्रीमेण्ट नगरेका काउण्टरपार्टीहरु रिपो बोलकबोल कारोबारमा सहभागी हुन योग्य मानिने छैनन् ।

(३) रिपो बोलकबोल कारोबार गरिने रकम, निष्काशन तथा भुक्तानी मिति, योग्य सुरक्षणपत्र तथा अन्य आवश्यक कागजातको विषयमा समितिबाट स्वीकृत गराई बोलकबोल मिति अगावै बैंकको वेवसाइट तथा Online Bidding System मा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) रिपो बोलकबोल कारोबार ब्याजदरमा आधारित बोलकबोल प्रक्रिया मार्फत गर्नु पर्नेछ । बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार कारोबार सञ्चालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(५) रिपो उपकरण निष्काशन मितिमा बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खातामा बाँडफाँट अनुसारको रिपो रकम जम्मा गरिदिनु पर्दछ । यसरी रकम जम्मा गर्नु अघि सम्बन्धित बोलकर्ताले बाँडफाँट अनुसारको रकमको ११० प्रतिशत रकम बराबरको सुरक्षणपत्रको सक्कलै प्रति धितो स्वरुप बैंकमा बुझाएको हुनु पर्दछ ।

(६) रिपो बोलकबोलको परिणाम बैंकको वेबसाइट तथा Online Bidding System मार्फत् सार्वजनिक गर्नुपर्नेछ ।

(७) यो उपकरणको भुक्तानी मितिमा निष्काशन मितिका दिन सम्बन्धित बोलकर्ताको यस बैंकमा रहेको खातामा जम्मा गरी प्रदान गरेको रिपो रकम सोही खाता खर्च गरी एकमुष्ट साँवा ब्याज रकम भुक्तानी लिनु पर्नेछ र धितो लिएका सुरक्षणपत्र तोकिए बमोजिम फिर्ता गर्नुपर्नेछ ।

(ख) रिभर्स रिपो बोलकबोल कारोबारः (१) वित्तीय प्रणालीमा साधारण प्रकृतिको अधिक तरलता भएको अवस्थामा समितिको निर्णय बमोजिम आवश्यकता अनुसार सात दिनका लागि नियमित प्रकारको रिभर्स रिपो बोलकबोल कारोबार मार्फत् तरलता प्रशोचन गर्नु पर्नेछ । यस्तो कारोबार गर्दा बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बराबरको ऋणपत्र खरिद/बिक्री गर्ने प्रतिवद्धता सहित काउण्टरपार्टीसँग सम्झौता (माष्टर रिपर्चेज एग्रीमेण्ट) गर्नुपर्नेछ ।

(२) तरलता प्रशोचन गर्ने प्रयोजनार्थ प्रयोग हुने रिभर्स रिपो उपकरणको बोलकबोल आह्वान तथा निष्काशन गर्दा बैंकले आफ्नो स्वामित्वमा रहेको ट्रेजरी बिल धितो स्वरुप राख्नु पर्नेछ ।

(३) रिभर्स रिपो बोलकबोल कारोबार गरिने रकम, निष्काशन तथा भुक्तानी मिति, तथा अन्य आवश्यक विवरण खुला बजार कारोबार सञ्चालन समितिबाट स्वीकृत गराई बोलकबोल मिति अगावै बैंकको वेवसाइट तथा Online Bidding System मा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) रिभर्स रिपो बोलकबोल कारोबार ब्याजदरमा आधारित बोलकबोल प्रक्रिया मार्फत गर्नुपर्नेछ । बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार कारोबार सञ्चालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(५) रिभर्स रिपो उपकरण निष्काशन मितिमा बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खातावाट बाँडफाँट अनुसारको रकम खर्च गरी हिसाव मिलान गर्नुपर्नेछ र तोकिए बमोजिमको Reverse Repo Advice उपलब्ध गराउनु पर्नेछ ।

(६) रिभर्स रिपो बोलकबोलको परिणाम बैंकको वेबसाइट तथा Online Bidding System मार्फत् सार्वजनिक गर्नुपर्नेछ ।

(७) यो उपकरणको भुक्तानी मितिमा निष्काशन मितिका दिन सम्बन्धित बोलकर्ताको यस बैंकमा रहेको खाताबाट खर्च गरी लिएको रकम सोही खातामा जम्मा गरी एकमुष्ट साँवा ब्याज रकम भुक्तानी गर्नुपर्नेछ । रिभर्स रिपो उपकरणमा गरिएको लगानीबाट आर्जित ब्याज रकममा

आयकर लाग्ने व्यवस्था छ । भुक्तानी अवधि समाप्त भएका रिपो तथा रिभर्स रिपोमा प्राप्त Advice हरु व्यवस्थित तवरले फाइल गरी राख्नु पर्नेछ ।

(ग) निक्षेप संकलन: (१) वित्तीय प्रणालीमा असाधारण प्रकृतिको अधिक तरलता भएको अवस्थामा समितिको निर्णय अनुसार कुनै पनि दिन अधिकतम ९० दिनका लागि निक्षेप संकलन उपकरण मार्फत् तरलता प्रशोचन गर्नु पर्नेछ ।

(२) निक्षेप संकलन उपकरणको रकम, निष्काशन तथा भुक्तानी मिति, तथा अन्य आवश्यक विवरण खुला बजार कारोबार सञ्चालन समितिबाट स्वीकृत गराई बोलकबोल मिति अगावै बैंकको वेवसाइट तथा Online Bidding System मा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) निक्षेप संकलन उपकरणको कारोबार ब्याजदरमा आधारित बोलकबोल प्रक्रिया मार्फत गर्नुपर्नेछ । बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार कारोबार सञ्चालनसमिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) निक्षेप संकलन उपकरण निष्काशन मितिमा बोलकबोलमा सफल बोलकर्ताको बैंकमा रहेको खातावाट बाँडफाँट अनुसारको रकम खर्च गरी हिसाव मिलान गर्नुपर्नेछ र तोकिए बमोजिमको एडभाइस उपलब्ध गराउनु पर्नेछ ।

(५) निक्षेप संकलन उपकरण वोलकवोलको परिणाम बैंकको वेबसाइट तथा Online Bidding System मार्फत् सार्वजनिक गर्नुपर्नेछ ।

(६) यो उपकरणको भुक्तानी मितिमा निष्काशन मितिका दिन सम्बन्धित बोलकर्ताको बैंकमा रहेको खातामाबाट खर्च गरी लिएको रकम र निर्धारित ब्याजदरले हुने रकम सोही खातामा जम्मा गरी फिर्ता भुक्तानी गर्नु पर्दछ ।

(घ) सोझै खरिद बोलकबोल कारोबार: (१) वित्तीय प्रणालीमा संरचनात्मक प्रकृतिको न्यून तरलता भएको अवस्थामा आवश्यकता अनुसार समितिको निर्णय बमोजिम सोझै खरिद बोलकबोल कारोबार मार्फत् तरलता प्रवाह गर्न सकिनेछ ।

(२) सोझै खरिद बोल आह्वान गर्दा तोकिएको दिन भित्र भुक्तानी हुने आफ्नो स्वामित्वका योग्य सुरक्षण पत्रहरु बिक्रीको लागि बोल गर्नुपर्ने भन्ने ब्यहोरा खुलाई कारोबार गरिने रकम, भुक्तानी मिति तथा अन्य आवश्यक विवरण खुला बजार कारोबार सञ्चालन समितिबाट स्वीकृत गराई बोलकबोल मिति अगावै बैंकको वेबसाइट तथा Online Bidding System मार्फत सार्वजनिक जानकारी गराउनु पर्नेछ ।

(३) सोझै खरिद बोलकबोल कारोबार बोल मूल्यमा बोलकबोल प्रक्रिया मार्फत् गराउनु पर्नेछ । बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार कारोबार सञ्चालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) निष्काशन मितिमा सोझै खरिद बोलकबोलबाट खरिद गरिएको उपकरण अनुसार भुक्तानी गर्नुपर्ने रकम सफल बोलकर्ताको बैंकमा रहेको खातामा जम्मा गरिदिनु पर्दछ । यसरी खरिद गरिएका उपकरणहरु बैंकको स्वामित्वमा लिई उक्त उपकरणहरु (नेपाल राष्ट्र बैंक ऋणपत्र बाहेक) को रकम बैंकको लगानी खातामा खर्च गरी हिसाब मिलान गर्नुपर्नेछ । बैंकले खरिद गरेका उक्त उपकरणहरुको भुक्तानी मितिका दिन सम्बन्धित उपकरणहरुको भुक्तानी भए पश्चात् ती उपकरणमा बैंकको स्वामित्व स्वतः समाप्त हुनेछ ।

(५) सोझै खरिद बोलकबोल कारोबारको परिणाम बैंकको वेबसाइट तथा Online Bidding System मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(ङ) सोझै बिक्री बोलकबोल कारोबार: (१) वित्तीय प्रणालीमा संरचनात्मक प्रकृतिको अधिक तरलता भएको अवस्थामा आवश्यकता अनुसार समितिको निर्णय बमोजिम तोकिएका ऋणपत्र सोझै बिक्री बोलकबोल कारोबार मार्फत् तरलता प्रशोचन गर्नु पर्नेछ ।

(२) सोझै बिक्री बोलकबोल कारोबार गरिने रकम, भुक्तानी मिति, सुरक्षणपत्र तथा अन्य आवश्यक कागजातको विषयमा बैंकको वेबसाइट तथा Online Bidding System मार्फत सार्वजनिक जानकारी गराउनु पर्नेछ ।

(३) सोझै बिक्री बोलकबोल कारोबार बोल मूल्यमा बोलकबोल प्रक्रिया मार्फत् गर्नु पर्नेछ । बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार कारोबार सञ्चालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) सोझै बिक्री उपकरणको निष्काशनमा सफल बोलकर्ताको बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको रकम (डिस्काउण्ट रकम कटाएर बाँकी रकम) खर्च गरी लिनु पर्दछ । यसरी बिक्री गरिएका उपकरणहरुको स्वामित्व सम्बन्धित बोलकर्ताको नाममा हस्तान्तरण गर्नुपर्नेछ ।

(५) सोझै बिक्री बोलकबोल कारोबारको परिणाम बैंकको वेबसाइट तथा Online Bidding System मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(६) यो उपकरणको भुक्तानी मितिमा निष्काशन मितिका दिन सम्बन्धित बोलकर्ताको बैंक स्थित खाताबाट खर्च गरी लिएको रकम र सो को डिस्काउण्ट रकम एकमुष्ट सोही खातामा जम्मा गरी दिनु पर्नेछ । तत्पश्चात् सफल बोलकर्ताको स्वामित्वमा गएका उपकरणहरुको स्वामित्व स्वतः समाप्त हुन्छ । सोझै बिक्री उपकरणमा गरिएको लगानीबाट आर्जित रकममा आयकर लाग्ने व्यवस्था छ ।

(७) बैंकको स्वामित्वमा यस्ता उपकरणहरु नरहेको अवस्थामा सोझै बिक्री बोलकबोल कारोबार गर्न नमिल्ने व्यवस्था रहेको छ ।

(च) नेपाल राष्ट्र बैंक ऋणपत्र: (१) वित्तीय प्रणालीमा संरचनात्मक प्रकृतिको अधिक तरलता रहेको अवस्थामा समितिको सिफारिसमा सञ्चालक समितिको स्वीकृतिमा आवश्यकता अनुसार कुनै पनि दिन ६ महिना वा १ वर्षे अवधिको नेपाल राष्ट्र बैंक ऋणपत्र निष्काशन गरी तरलता प्रशोचन गर्नु पर्नेछ ।

(२) निष्काशन गरिने नेपाल राष्ट्र बैंक ऋणपत्रको रकम, अवधि, भुक्तानी मिति, सिरिज नम्बर तथा अन्य आवश्यक विवरणको विषयमा खुला बजार कारोबार सञ्चालन समितिबाट स्वीकृत गराई बोलकबोल मिति अगावै बैंकको वेबसाइट तथा Online Bidding System मार्फत सार्वजनिक जानकारी गराउनु पर्नेछ ।

(३) नेपाल राष्ट्र बैंक ऋणपत्रको बोलकबोल कारोबार ब्याजदरमा आधारित बोलकबोल प्रक्रिया मार्फत गर्नुपर्नेछ । बोलकबोल मितिमा प्राप्त बोल अनुगमन गर्ने र बोलकबोलको लागि तोकिएको समय पश्चात् अनलाईन बोलकबोल प्रणालीबाट प्राप्त नतिजा विवरणको आधारमा माइन्यूट तयार गरी स्वीकृतिको लागि खुला बजार कारोबार सञ्चालन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) निष्काशन मितिमा यस ऋणपत्रको बोलकबोलमा सफल बोलकर्ताको बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको रकम खर्च गरी हिसाब मिलान गर्नुपर्नेछ र सोको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) छ महिना अवधिको निष्काशन भएको अवस्थामा यो ऋणपत्रको साँवा तथा ब्याज रकम एकमुष्ठ भुक्तानी मितिमा र एक वर्षे अवधिको निष्काशन भएको अवस्थामा पहिलो छ महिना समाप्त भएको भोलिपल्ट पहिलो किस्ताको ब्याज रकम मात्र र पछिल्लो छ महिना समाप्त भएको भोलिपल्ट दोस्रो किस्ताको ब्याज रकमका साथै साँवा रकम सम्बन्धित बोलकर्ताको यस बैंकमा रहेको खातामा जम्मा गरी फिर्ता भुक्तानी गर्नुपर्नेछ ।

(छ) <u>स्थायी तरलता सुविधा (Standing Liquidity Facility-SLF)</u>: (१) बैंकिङ प्रणालीमा अपर्झट आईपर्ने अल्पकालीन तरलता समस्या समाधान गर्नको निमित्त तोकिएका संस्थाहरुबाट रीतपूर्वकको निवेदनका साथै सुरक्षण वापत धितो राख्नुपर्ने तोकिए बमोजिमको सुरक्षणपत्रको सक्कल प्रति पेश हुन आएको अवस्थामा आवश्यक प्रक्रिया पुर्‍याई सोही दिन सम्बन्धित संस्थाको बैंक खातामा माग अनुसारको रकम जम्मा गरिदनु पर्नेछ ।

(२) स्थायी तरलता सुविधाको अधिकतम अवधि बैंकले मौद्रिक नीतिमा तोके बमोजिम हुनेछ । साथै यस्तो सुविधा माग गर्ने संस्थाहरुले पेश गरेका सुरक्षणपत्रहरुमा बैंकले तोकेको प्रतिशतले खाम्ने रकमसम्म मात्र सुविधा प्रदान गर्नुपर्नेछ ।

(३) उपत्यका बाहिरका संस्थाहरुले सुरक्षण वापत धितो राख्नुपर्ने सुरक्षणपत्र नजिकको बैंकको कार्यालयमा पेश गरेको प्रमाणित भए पश्चात् मात्र स्वीकृत रकम जम्मा गर्नुपर्नेछ ।

(४) उपयोग भएको स्थायी तरलता सुविधाको अवधि पुरा भएपछि निखन्ने दिनमा सुविधा वापत प्रदान गरिएको साँवा रकम र तोकिए बमोजिमको दरले हुन आउने ब्याज रकम सम्बन्धित संस्थाको बैंकखाता खर्च गरी फिर्ता लिनु पर्नेछ । यो सुविधा निखन्ने दिन सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा निखन्नु पर्नेछ । यसो गर्दा निखन्ने दिनभन्दा अघिल्लो दिनसम्मको तोकिएको दरले हुन आउने ब्याज रकम समेत असुल गर्नुपर्नेछ ।

(५) सुविधा वापत लिएको ऋण रकम निखन्ने दिनमा बैंक खातामा पर्याप्त मौज्दात कायम नभई सुविधा निखन्न नसकिने अवस्था आई परेमा आवश्यक मौज्दात कायम नभएसम्मको अवधिका लागि तोकिएको दरमा हर्जाना थप गरी असूल गर्नुपर्नेछ ।

(६) स्थायी तरलता सुविधा सम्बन्धी अन्य व्यवस्था स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७३ बमोजिम हुनेछ ।

(ज) अन्य कार्यहरु: माथि उल्लिखित बाहेक बैंकको वेबसाइट मार्फत प्रकाशन भई आएको सरकारी ऋणपत्र तथा मौद्रिक कारोबार सम्बन्धी तथ्याङ्क तथा जानकारीलाई नियमित रुपम अद्यावधिक गर्नु फाँटको जिम्मेबारी हुनेछ । यसका अलावा बैंकको मौद्रिक नीतिको कार्यदिशाको संकेत दिन तथा अल्पकालीन ब्याजदरलाई स्थायित्व प्रदान गर्न आवश्यकता अनुसार खुला बजार कारोबार सञ्चालन समितिको निर्णय अनुसार विभिन्न उपकरणहरु (ब्याजदर करिडोर अन्तर्गतको १४ दिने रिपो उपकरण तथा १४ दिने निक्षेप संकलन उपकरण लगायत तोकिए बमोजिमका अन्य उपकरणहरु) को बोलकबोल, निष्काशन, भुक्तानी तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरु बैंकको नियम, विनियम, सम्बन्धित कार्यविधि एवम् निर्देशन अनुरुप सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद-८

## कर्मचारीको काम तथा कर्तव्य

१८. प्रमुखको काम तथा कर्तव्य: (१) बैंक तथा राष्ट्र ऋणसँग सम्बन्धित प्रचलित ऐन, नियम, विनियम, निर्देशिका, मार्गदर्शन, आदेश तथा निर्देशनको अधीनमा रही विभागको काम सुचारु रुपले संचालन गर्ने/गराउने सम्पूर्ण जिम्मेवारी प्रमुखको हुनेछ । विभागीय कार्य सम्पादन गर्ने सिलसिलामा मातहतका सबै कर्मचारीलाई छिटो, छरितो र स्तरीय रुपमा कार्य सम्पादन गर्न/गराउन उपयुक्त कार्य जिम्मेवारी तोक्न सक्नेछ । यस्तो प्रयोजनका लागि कर्मचारीलाई उत्प्रेरित गर्ने, कर्मचारी विनियमावली प्रतिकूल हुने आचरण एवम् व्यवहार गरेको पाईएमा आफूमा निहित अधिकार प्रयोग गरी कारवाही गर्ने वा सो को लागि अख्तियार प्राप्त अधिकारी समक्ष लेखी पठाउन सक्नेछ । विभागीय कार्य सम्पादन गर्ने सिलसिलामा बैंकका विभाग, कार्यालय तथा अन्तर-फाँटहरुबीच समन्वय ल्याउनुका अतिरिक्त सबै कर्मचारी उपर समान तथा न्यायोचित व्यवहार गर्नु पर्नेछ ।

(२) विभागबाट सम्पादन हुने सबै कार्यको निरन्तर अनुगमन गर्नु निजको कर्तव्य हुनेछ । यसका लागि आवश्यकता अनुसार स्तरीय रुपमा कार्य सम्पादन गर्न कर्मचारीहरुबाट राय सल्लाह लिने र निजहरुलाई मार्गदर्शन एवम् निर्देशन दिने कार्य गर्नुपर्नेछ ।

(३) आवश्यकता अनुसार विभागमा फाँट थप/घट गर्ने, परिवर्तन गर्ने र कार्यविधिमा सुधार गर्नु पर्ने भए सो गरी/गराई सरल एवं चुस्त बनाउनु पर्नेछ ।

(४) निष्काशन गरिएका विभिन्न प्रकारका ऋणपत्र तथा मौद्रिक व्यवस्थापनका उपकरणहरुले मुद्रा तथा पूँजी बजारका साथै समग्र अर्थतन्त्रमा पारेको र पार्न सक्ने प्रभाव अध्ययन गरी मुद्रा प्रदाय, मूल्य, ब्याजदर, उत्पादन, बचत तथा लगानी क्षेत्रलाई समेटिने गरी तर्जुमा गरिएका वित्तीय नीति एवम् सरकारी बजेटका लक्ष्य तथा कार्यक्रम, बैंक तथा वित्तीय संस्थाको साख सृजना क्षमता आदि क्षेत्रमा पार्न सक्ने असरको बारेमा गहन अध्ययन एवम् विश्लेषण गरी निष्काशन गरिने ऋणपत्रको किसिम, निष्काशन समय, बिक्री गर्ने क्षेत्र, ब्याजदर र भुक्तानी अवधि सम्बन्धमा नेपाल सरकार तथा बैंकले अपनाउनु पर्ने उपयुक्त नीतिका बारेमा समिति र सम्बन्धित निकायमा राय, सल्लाह एवम् सिफारिश गर्नुपर्नेछ ।

(५) बजार निर्माता तथा बिक्री एजेण्टले गरेको ऋणपत्रको कारोबारको निरीक्षण गरी/गराई पेश भएको प्रतिवेदन अध्ययन गरी सुधार गर्नुपर्ने भएमा कार्यान्वयनका लागि मातहतका कर्मचारीलाई निर्देशन दिनु पर्नेछ ।

१९. निर्देशकको काम तथा कर्तव्य: (१) विभागको दैनिक कार्य सुचारु रुपले संचालन गर्न समग्र काम कारवाहीमा बैंक प्रति उत्तरदायी रहनु पर्नेछ । मातहतका कर्मचारीको राय सल्लाह एवम् सहयोग लिई वार्षिक कार्य योजना तयार गरी छलफल एवम् निर्णयको लागि प्रमुख समक्ष पेश गर्नुपर्नेछ । स्वीकृत वार्षिक कार्ययोजना अनुरुप तोकिएको समयमा सम्पादन गर्नुपर्ने कार्यको निरन्तर अनुगमन गर्नु/ गराउनु पर्नेछ ।

(२) मातहतका सबै कर्मचारीहरु बीच अनुशासन तथा सहयोगको भावना कायम राख्नका लागि आवश्यक वातावरण बनाई कर्मचारीलाई उत्प्रेरित गरी मनोबल बढाउन आवश्यक पर्ने सबै प्रशासकीय व्यवस्था मिलाउन प्रमुखलाई सहयोग गर्नुपर्नेछ ।

(३) नेपाल सरकार तथा बैंकले अवलम्बन गरेका वा प्रस्तावित वित्तीय, मौद्रिक तथा अन्य नीति, खुला बजार कारोबारमा ल्याइने नयाँ उपकरण र बजारमा रहेका उपकरणहरुमा भएको

परिवर्तन एवम् राष्ट्र ऋण तथा तरलता व्यवस्थापनसँग सम्बन्धित अन्य योजना, परियोजना तथा कार्यक्रमका सम्बन्धमा प्रमुख लगायत मातहतका कर्मचारीसँग छलफल गरी यस सम्बन्धमा विभागलाई पृष्ठपोषण गर्नुपर्नेछ ।

(४) विभागीय कामको सिलसिलामा मातहतका कर्मचारीलाई सुम्पिएको काम, कर्तव्य तथा अधिकार र कार्यान्वयन स्तरमा आवश्यक पर्ने जनशक्ति तथा भौतिक सुविधा यकीन गरी थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रमुखसँग छलफल गरी निजको सहमतिमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) विभागबाट तोकिएका शर्त एवम् निर्देशन बजार निर्माता एवम् बिक्री एजेण्टले पालना नगरेको पाईएमा आवश्यक कारवाही गर्न राय सहित प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(६) विभागीय निर्णय एवम् स्वीकृतिका लागि पेश हुन आएका प्रस्ताव, चिठ्ठीपत्र, भौचर एवं अन्य निवेदन तथा गुनासाका सम्बन्धमा अध्ययन गरी आफ्नो अख्तियारी भित्रको विषय भएमा निर्णय दिने र अख्तियारी भित्र नपर्ने भएमा राय सहित प्रमुख समक्ष पेश गर्नुपर्नेछ । यसरी प्रमुख समक्ष पेश भएका कागजातहरु कार्यार्थ प्राप्त भएमा आवश्यकता अनुसार सम्पादन गर्नु/गराउनु पर्नेछ ।

(७) बुँदा नं. २४ मा व्यवस्था गरिए बमोजिमको पुस्तिका, ब्रोसर तथा अन्य चेतनामूलक श्रव्य दृश्य सामाग्री प्रकाशन गर्दा सम्पादकीय तथा अन्य कार्य सम्पादन गर्ने सम्बन्धमा आवश्यक सल्लाह प्रदान गर्नुपर्नेछ ।

(८) आफूलाई तोकिएका र परीआउने अन्य सबै विभागीय कार्य सम्पादन गर्नु/गराउनु पर्नेछ ।

२०. उप निर्देशकको काम तथा कर्तव्यः (१) मातहतका फाँटबाट पेश भएका प्रस्ताव, चिठ्ठीपत्र, एड्भाईस र भौचरहरु अख्तियारी भित्र पर्ने भए निर्णय दिने र नपर्ने भएमा राय सहित माथिल्लो अधिकारी समक्ष पेश गर्नुपर्नेछ । माथिल्लो अधिकारीबाट प्राप्त निर्देशनलाई आफू वा मातहतका फाँटबाट कार्यन्वयन गराउनु पर्नेछ ।

(२) मातहतका फाँटले गर्नुपर्ने कार्य स्तरीय रुपमा सम्पन्न भए/नभएको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्नेछ । यसका साथसाथै फाँटगत रुपमा सम्पादन गराउन आवश्यक जनशक्ति तथा भौतिक पूर्वाधारका सम्बन्धमा माथिल्लो अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(३) मुद्रा एवम् पूँजी बजारको सम्बन्धमा अध्ययन गरी बजार निर्माता तथा बिक्री एजेण्टलाई इजाजत पत्र दिने, नवीकरण गर्ने, कारोबार सीमा हेरफेर गर्ने, तोकिने शर्त र दिइने निर्देशन सम्बन्धमा माथिल्लो अधिकारी समक्ष राय सुझाव पेश गर्नुपर्नेछ ।

(४) विभागबाट संचालन गरिने तालीम, गोष्ठी, अन्तरक्रिया, अनुशिक्षण आदिको प्रभावकारी रुपमा संचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२१. सहायक निर्देशकको काम तथा कर्तव्यः (१) तोकिएको दैनिक कार्य सुचारु रुपले संचालन गर्नुपर्नेछ । यसका लागि आवश्यकता अनुसार माथिल्लो अधिकारीको निर्देशन लिई जिम्मेवारी अनुसारको काम सम्पन्न गर्नुपर्नेछ । फाँटको जिम्मेवारीलाई सक्षम एवम् प्रभावकारी रुपमा सम्पादन गर्न र उपयुक्त कार्य वातावरण सृजना गर्न सबै सहायक निर्देशक कर्मचारीहरु जिम्मेवार हुनु पर्नेछ ।

(२) विभागले समय समयमा आयोजना गर्ने तालिम, गोष्ठी, अन्तरक्रिया, अनुशिक्षण आदिको लागि आवश्यक व्यवस्था गर्न माथिल्लो अधिकारीलाई सहयोग एवम् सल्लाह प्रदान गर्नुपर्नेछ ।

२२. सहायक स्तरका कर्मचारीको काम तथा कर्तव्यः माथिल्लो अधिकारीबाट समय समयमा सुम्पिएको जिम्मेवारी र लाए अह्राएको कार्य तदारुकताका साथ सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद-९

## विविध

२३. अख्तियारी सम्बन्धी व्यवस्थाः यस मार्गदर्शन बमोजिम प्रमुख, निर्देशक, उप-निर्देशक, सहायक निर्देशक तथा अन्य कर्मचारीले पदीय हैसियतले सम्पादन गर्ने कार्यको अख्तियारी गभर्नरबाट स्वीकृत व्यवस्था बमोजिम हुनेछ ।

२४. पुस्तिका तथा प्रचारात्मक सामाग्री प्रकाशनः समय समयमा निष्काशन गरिएका वा गरिने ऋणपत्र तथा तरलता व्यवस्थापनका उपकरण सम्बन्धमा सर्वसाधारणलाई जानकारी दिने प्रयोजनका लागि विभागले पुस्तिका, ब्रोसर तथा अन्य चेतनामूलक श्रव्य दृश्य सामग्री समेत प्रकाशन गर्न सक्नेछ ।

२५. अनुसूचीमा हेरफेरः यस मार्गदर्शन र अनुसूचीहरुमा गभर्नरले आवश्यकता बमोजिम हेरफेर गर्न सक्नेछ ।


२६. खारेजी तथा बचाउः नेपाल राष्ट्र बैंक राष्ट्र ऋण मार्गदर्शन, २०६० खारेज गरिएको छ । सो मार्गदर्शन बमोजिम तथा यो मार्गदर्शन लागू हुनु अघि विभागबाट भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै मार्गदर्शन बमोजिम भए गरेको मानिनेछ ।

**अनूसूची -१**

# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

## संगठन तालिका



अनूसूची - २

नेपाल राष्ट्र बैंक

राष्ट्र ऋण व्यवस्थापन विभाग

# बजार निर्माता इजाजतपत्र

इजाजतपत्र नं. .........                                        इजाजत प्रदान भएको मिति ....................

नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंकद्वारा निष्कासित राष्ट्रिय बचतपत्र र नागरिक बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार (बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० पहिलो संशोधन २०७३ बमोजिम) गर्ने ............................................... लाई ...........................सम्मका लागि सोही कार्यविधिले दिएको अधिकार प्रयोग गरी यो इजाजतपत्र प्रदान गरिएको छ।

......................                                        ............................

निर्देशक                                        कार्यकारी निर्देशक

**अनूसूची - ३**

नेपाल राष्ट्र बैंक

राष्ट्र ऋण व्यवस्थापन विभाग

# <u>बिक्री एजेण्ट इजाजतपत्र</u>

इजाजतपत्र नं. .........                                   इजाजत प्रदान भएको मिति ....................

नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंकद्वारा निष्काशन हुने वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार (वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ बमोजिम) गर्ने गरी ........................................................ लाई .......................... सम्मका लागि सोही कार्यविधिले दिएको अधिकार प्रयोग गरी यो इजाजतपत्र प्रदान गरिएको छ ।

......................                                   ............................

निर्देशक                                   कार्यकारी निर्देशक

## अनूसूची - ४

### ब्याज शोधभर्ना माग गर्दा प्रयोग गर्नुपर्ने भौचरको नमूना

खर्च

(भुक्तानी दिने कार्यालयको छाप)

बै.फा.६४
नगद/जनरल

भुक्तानी दिने कार्यालयको नाम ........................... मिति २०... /.../...

| नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग | | | | | | रकम रु. |
|---|---|---|---|---|---|---|
| प्रमाणपत्रमा उल्लिखित बचतपत्र धनीको नाम ..............................<br>पोर्टफोलियो नं./ना.प्र.नं./जिल्ला .............................................<br>भुक्तानी पाउनेको नाम ..........................................................<br>रा.ब.प./ना.ब.प./वि.ऋ.प./बै.रो.ब.प. ................ ब्याजदर ........<br>प्रमाणपत्रको किसिमः (☐ स्टक ☐ प्रमिशरी नोट) किस्ता नं. ....... | | | | | | |
| साँवा दर रु. | क्रमसंख्या | | थान | ब्याजदर रु. | किस्ता संख्या | |
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| .... % ले कर कट्टी | | | | | | |
| (अक्षरेपि रु. ................................................... मात्र) जम्मा रु. | | | | | | |

पास गर्ने अधिकृत अधिकृत कार्यालय प्रमुख

ब्याज भुक्तानी बुझिलिनेको फोन नम्बरः दस्तखत

परिचय भएको ब्यक्ति (पुरा नाम र ठेगाना) दस्तखत


### ब्याज शोधभर्ना माग गर्दा प्रयोग गर्नुपर्ने भौचरको नमूना

खर्च

(भुक्तानी दिने कार्यालयको छाप)

बै.फा.६४
नगद/जनरल

भुक्तानी दिने कार्यालयको नाम ........................... मिति २०.... /.../...

| नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग | | | | | | रकम रु. |
|---|---|---|---|---|---|---|
| प्रमाणपत्रमा उल्लिखित बचतपत्र धनीको नाम ..............................<br>पोर्टफोलियो नं./ना.प्र.नं./जिल्ला .............................................<br>भुक्तानी पाउनेको नाम ..........................................................<br>रा.ब.प./ना.ब.प./वि.ऋ.प./बै.रो.ब.प. ................ ब्याजदर ........<br>प्रमाणपत्रको किसिमः (☐ स्टक ☐ प्रमिशरी नोट) किस्ता नं. ....... | | | | | | |
| साँवा दर रु. | क्रमसंख्या | | थान | ब्याजदर रु. | किस्ता संख्या | |
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| .... % ले कर कट्टी | | | | | | |
| (अक्षरेपि रु. ............................................... मात्र) जम्मा रु. | | | | | | |

पास गर्ने अधिकृत अधिकृत कार्यालय प्रमुख

ब्याज भुक्तानी बुझिलिनेको फोन नम्बरः दस्तखत

परिचय भएको ब्यक्ति (पुरा नाम र ठेगाना) दस्तखत